# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक २०३ | काठमाडौं | बिहीबार, ७ मंसिर २०८० | Prabhab National Daily | Thursday, November 23, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं**

**भूकम्पले**
- घर, पुल तथा अन्य संरचना भत्कन सक्दछ ।
- विद्युत तथा लेलिफोन सेवा अवरोध हुन सक्दछ ।
- बाढी, पहिरो तथा आगलागीको जोखिम भई जनधनको क्षिति हुन सक्दछ ।

**त्यसैले,**
- घर, पुल तथा अन्य संरचना बनाउँदा भूकम्प प्रतिरोधी बनाऔं ।
- घर वरिपरी तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
- भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि नयाँ मतभार

- प्रदेशसभा सदस्यको ५३ मतभार कायम
- गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष र नगरपालिकाका प्रमुख/उपप्रमुखको १९ मतभार तोकियो

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संघीय संसद्को माथिल्लो सदन राष्ट्रिय सभामा आगामी फागुन २१ गते एक तिहाइ सदस्य रिक्त हुँदै छ । जसमा सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासहित २० सदस्य बाहिरिँदै छन् । समाजका विभिन्न क्षेत्रमा ख्याति कमाएका प्रबुद्ध समूहको प्रतिनिधित्व रहने ५९ सदस्यीय राष्ट्रिय सभामा पहिलोपटक गोलाप्रथाद्वारा छ वर्षे कार्यकाल निर्धारण भएको समूह बिदा हुन लागेको हो ।

यसरी रिक्त भएको पदमा सदस्य पूर्ति गर्न पुनः निर्वाचन हुँदै छ । राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ बमोजिम पद रिक्त हुनुभन्दा ३५ दिन पहिले निर्वाचन गरिसक्नुपर्ने कानुनी व्यवस्था छ । सोही व्यवस्थाअनुरूप निर्वाचनको तयारीमा लागेको छ, निर्वाचन आयोग । आयोगले निर्वाचनमा सहभागी हुने मतदाताका लागि नयाँ मतभार कायम गरेको छ ।

राष्ट्रिय जनगणना २०७८ को नतिजाबमोजिम राष्ट्रिय सभा सदस्यको अब रिक्त हुने पदको निर्वाचनका मतदाताका लागि नयाँ मतभार कायम गरिएको आयोगले बुधबार जानकारी दिएको हो । राष्ट्रिय तथ्यांक कार्यालयको सिफारिससमेत आधारमा राष्ट्रिय सभा सदस्यको पदका लागि मतदाता रहेका प्रदेशसभा सदस्यको ५३ र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको १९ मतभारका दरले गणना हुने गरी निर्वाचन आयोगबाट बुधबार निर्णय भएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए ।

यसअघि राष्ट्रिय सभा सदस्य निर्वाचनमा उक्त मतभार प्रदेशसभा सदस्यका लागि ४८ र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको १८ रहेको थियो । निर्वाचन ऐन, २०७५ मा राष्ट्रिय सभाको निर्वाचनमा प्रदेशसभाका सदस्य र गाउँपालिकाका अध्यक्ष तथा उपाध्याक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखले मतदान गर्ने निर्वाचन मण्डलको मतभारको व्यवस्था रहेको छ ।

आगामी फागुन २० गतेसम्म कार्यकाल रहने राष्ट्रिय सभाका सांसदहरूमा नेपाली कांग्रेसबाट अनिता देवकोटा, जितेन्द्रनारायण देव, प्रकाश पन्थ र रमेशजंग रायमाझी, नेकपा एमालेबाट इन्दु कडरिया, दीपा गुरुङ, दिलकुमारी रावल, कुमार दसौंदी, नरपति लुवार, भैरवसुन्दर श्रेष्ठ र रामचन्द्र राई,

(बाँकी पष्ठ २ मा)

## विवादित व्यवसायी प्रसाईंको आन्दोलन

# आक्रामक एमाले, 'डिफेन्सिभ' प्रधानमन्त्री

- आन्दोलनको पूर्वसन्ध्यामा एमालेका महेश बस्नेत र व्यवसायी दुर्गा प्रसाईंबीच गालीको 'ब्याटल'
- एमाले अध्यक्ष केपी शर्मा ओली यही मौकामा सत्ता बदल्ने दाउमा
- दुईतिर प्रदर्शन हुने भएपछि आत्तिएका प्रधानमन्त्री पुष्पकमल दाहाल राजनीतिक भेटघाट बढाउँदै




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईंले आज काठमाडौंको बल्खुमा प्रदर्शन गर्दै छ । माइतीघरमा सरकारले निषेधाज्ञा जारी गरेसँगै बल्खुमा प्रदर्शन गर्न लागेका प्रसाईंको मुख्य मुद्दा हुन्- बैंकको ऋण मिनाहा र राजतन्त्रको पुनःस्थापना । प्रसाईंको आन्दोलनमा हिन्दूवादी अभियन्ताको पनि साथ रहने देखिएपछि सरकारले प्रदर्शन संयमित पार्न कडा सुरक्षाको व्यवस्था गरेको छ । प्रसाईंको आन्दोलनमा धार्मिक झण्डा र नेपालको राष्ट्रिय झण्डामात्र प्रयोग गर्न सर्कुलर गरिएको छ ।

एक विवादित व्यवसायी जसको साथमा खासै जनसमर्थन छैन तर उनैको आन्दोलनलाई लक्षित गरेर प्रमुख प्रतिपक्षी दल नेकपा एमाले भने प्रतिकारको शैलीमा उत्रन लागेको छ, आजै । एमालेले महेश बस्नेतको नेतृत्वमा युवा संघ र विद्यार्थी संगठन अनेरस्ववियूलाई सडकमा उतार्ने भएको छ । माइतीघरमा प्रसाईंकै आन्दोलनको आमनेसामने प्रदर्शनको तयारीमा रहेको एमाले स्थानीय प्रशासनको निषेधाज्ञासँगै तिनकुनेमा उत्रन लागेको छ ।

आन्दोलनको पूर्वसन्ध्यामा एमालेका बस्नेत र व्यवसायी प्रसाईंबीच गालीको 'ब्याटल' चलेको देखिन्छ । दुवै सरकारविरोधी आन्दोलनमा छन्, तर दुवै एकअर्काविरुद्ध आरोपप्रत्यारोपमा उत्रँदा आमजनता भने अचम्ममा परेका देखिन्छन् । सरकार आफैं पनि अलमलमा परेर निषेधित क्षेत्रको क्षेत्रफल बढाउँदै लगेको छ । सुरुमा बानेश्वरदेखि माइतीघरसम्म निषेधित क्षेत्र घोषणा गरेको प्रशासनले यसलाई फैलाउँदै शितलनिवास, प्रधानमन्त्रीनिवास बालुवाटार, मन्त्रीनिवास पुल्चोकसम्मै फैलाएको छ ।

### सरकार ढाल्ने ओलीको दाउ

आर्थिक मन्दीका कारण यतिबेला जनता निराश छन् । यही 'सेन्टिमेन्ट क्यास' गर्ने तयारी प्रसाईंको देखिन्छ । तर, एमाले अध्यक्ष केपी शर्मा ओली भने यही मौका प्रयोग गरी सत्ता बदल्ने दाउमा देखिन्छन् । मध्यपहाडी लोकमार्ग केन्द्रित झुलाघाट-चिवाभञ्ज्याङ अभियानपछि नै सरकार ढाल्ने प्रयासमा लाग्ने छनक ओलीले च्यासलमा दिएका छन् । 'देश अहिले संकटको अवस्थामा छ । त्यसैले समृद्धिका लागि संकल्प यात्रा सकिएपछि शान्तिपूर्ण आन्दोलन गर्नुपर्ने देखेको छु,' उनले भने ।

एमालेले मंसिर १४ गते दार्चुलाको झुलाघाटदेखि पाँचथरको चिवाभञ्ज्याङसम्म समृद्धिका लागि संकल्प यात्रा अभियान सुरु गर्दैछ । यसै विषयमा जानकारी दिँदै बुधबार पार्टी मुख्यालय च्यासलमा ओलीले भने, 'जनतालाई मैदानमा उतार्छौं र देशलाई एउटा बाटो दिन्छौं । देशलाई निकास दिने बाटो समातेनौं भने अर्को आउँछ । मलाई एउटा साथीले भन्यो- कसैले खल्तीबाट परेवा निकालेर उडाउन सक्छ है ।'

त्यसो त कतिपयले सरकारविरुद्ध माहोल बनाउने ओली आफैंले प्रसाईं र बस्नेतलाई सडकमा उतारेको दाबी गरेका छन् । प्रमुख सत्तारुढ दल नेपाली कांग्रेसले भने एमालेको यो प्रदर्शनलाई सामान्य रूपमा लिएको छ । कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा आन्दोलनलाई लोकतन्त्रको सुन्दर पक्ष मान्नुपर्ने बताउँछन् । 'दुवै पक्षलाई सरकारले प्रदर्शन गर्ने ठाउँ पनि तोकिदिएको छ । लोकतन्त्रमा प्रदर्शन गर्न पाउने अधिकारको कुरा हो । यसलाई सामान्य रूपमा लिनुपर्छ,' महामन्त्री शर्माले भने ।

कांग्रेसले शान्ति सुव्यवस्थाको जिम्मेवारी सरकारको भएको जनाएको छ । कांग्रेस संस्थापनइतरका नेता डा. शेखर कोइराला, डा. सुनिल शर्मालगायत नेताको भने दुर्गा प्रसाईंको आन्दोलनमा मौन साथ देखिन्छ । 'एमालेको एजेण्डासँग डा. शेखर रमेको देखिन्छ,' कांग्रेस संस्थापन पक्षका एक नेताले भने, 'अहिले यही आन्दोलनलाई सघाउने शेखर पूर्वमा छन् ।' कांग्रेस संस्थापनइतरका नेता भने यसलाई अस्वीकार गर्छन् । 'शेखरले मान्छे पठाउन थाले एक न एक कार्याकर्ताले केन्द्रमा सूचना पठाइहाल्छन् नि, यस्तो चुनौती मोल्ने काम शेखरले गर्लान् र ?,' शेखरनिकट एक नेताले दाबी गरे ।

### "डिफेन्सिभ" मुडमा प्रधानमन्त्री

दुई शक्ति एकैपटक आन्दोलित हुँदा प्रधानमन्त्री पुष्पकमल दाहाल आत्तिएका देखिन्छन् । दुईतिरबाट प्रदर्शन हुने भएपछि प्रधानमन्त्री दाहालले जनतालाई केही भए पनि राहत दिन आफ्नै प्रयासमा अर्थतन्त्र सुधार्न मंगलबार गोलमेच बैठक राखेका थिए । यद्यपि बैठक नै गोलमाल हुँदा प्रधानमन्त्रीले अपेक्षा गरेजस्तो परिणाम आएन । प्रधानमन्त्री दाहालले असन्तुष्ट पक्षलाई मंगलबार नै राहत प्याकेज ल्याउने तयारी गरेका थिए ।

(बाँकी पष्ठ २ मा)

> संसारकै नियम हो- पराजित भइसकेका सामन्ती तत्वहरूले अन्तिमपटक टाउको उठाउन खोज्छन् । अहिले पनि त्यही कोसिस हुँदै छ । संघीय लोकतान्त्रिक गणतन्त्र उल्टाउने सपना कसैले नदेख्दा हुन्छ ।
>
> ■ **पुष्पकमल दाहाल**
> प्रधानमन्त्री

> देश अहिले संकटको अवस्थामा छ । त्यसैले समृद्धिका लागि संकल्प यात्रा सकिएपछि शान्तिपूर्ण आन्दोलन गर्नुपर्ने देखेको छु । जनतालाई मैदानमा उतार्छौं र देशलाई एउटा बाटो दिन्छौं ।
>
> ■ **केपी शर्मा ओली**
> अध्यक्ष, नेकपा एमाले

> दुवै पक्षलाई सरकारले प्रदर्शन गर्ने ठाउँ पनि तोकिदिएको छ । लोकतन्त्रमा प्रदर्शन गर्न पाउने अधिकारको कुरा हो । यसलाई सामान्य रुपमा लिनुपर्छ ।
>
> ■ **विश्वप्रकाश शर्मा**
> महामन्त्री, नेपाली कांग्रेस

**सन्दर्भ : वैदेशिक रोजगार**

## नक्कली पत्रकार बनाएर मानव तस्करी प्रकरण

# कारबाही सिफरिससहित छानबिन समितिले बुझायो प्रतिवेदन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** गैरपत्रकारलाई पत्रकार बनाएर कोरिया पठाइदिने भन्दै मानव तस्करी गरेको प्रकरणमा जोडिएका पत्रकारलाई कारबाहीको सिफारिस गरिएको छ । नेपाल पत्रकार महासंघले मानव तस्करी प्रकरणमा छानबिन गर्न गठन गरेको समितिले उक्त कार्यमा संलग्न पत्रकारहरूमाथि कारबाहीस्वरूप साधारण सदस्यबाट हटाउनेदेखि तीन महिनासम्म सदस्यता निलम्बन गर्न सिफारिस गरेको हो ।

गैरपत्रकारलाई पत्रकार बनाएर कोरिया पठाइदिने भन्दै महासंघका सदस्यहरू नै आर्थिक कारोबारमा संलग्न रहेको तथ्य विभिन्न सञ्चारमाध्यमबाट बाहिरिएपछि महासंघले गत असोज १९ गते छानबिन समिति गठन गरेको थियो । छानबिन समितिले लामो समय लगाएर तयार पारेको प्रतिवेदन बुधबार महासंघका केन्द्रीय अध्यक्ष विपुल पोखरेललाई बुझाएको छ । उक्त प्रतिवेदनमा गैरपत्रकारलाई पत्रकार बनाएर १५ लाख रूपैयाँ लिई कोरियामा पठाउने भन्दै महासंघ काठमाडौं शाखाका सदस्य तथा उपत्यका प्रदेश कार्यसमिति सदस्य एवं गोलमेच पत्रिकाका तत्कालीन सम्वाददाता अनिलकुमार गुप्ता दोषी देखिएको भन्दै यस प्रकरणमा अन्तिम सफाइ नपाएसम्म महासंघको साधारण सदस्यसमेत नरहने गरी सदस्यता खारेज गर्न सिफारिस गरिएको छ ।

त्यसैगरी यस प्रकरणमा जोडिएका अर्का पत्रकार महासंघ उपत्यका प्रदेशका पार्षद तथा गोलमेच साप्ताहिकका प्रकाशक तथा सम्पादक एकराज दाहाललाई प्रतिवेदन बुझाएकै दिनबाट अर्थात् बुधबार (मंसिर ६ गते)देखि लागू हुनेगरी तीन महिनाका लागि साधारण सदस्यताबाट समेत निलम्बन गर्न सिफारिस गरिएको छ । दाहालले गैरपत्रकारलाई पत्रकार हो भन्दै आफ्नो सञ्चारमाध्यमबाट सिफारिस दिएको, नलेखेको समाचार लेखेको हो भन्दै बाइलाइनमा छापिदिएको र कोरिया जान महासंघ काठमाडौं शाखाबाटसमेत सिफारिस दिलाउने कार्य गरेको प्रतिवेदनमा उल्लेख छ । गुप्ता र दाहालको मिलेमतोमा पैसा लिएर कोरियामा मानव तस्करी गर्न लागेको प्रतिवेदनमा ठहर गरिएको छ ।

> गैरपत्रकारलाई पत्रकार बनाएर कोरिया पठाइदिने भन्दै महासंघका सदस्यहरु नै आर्थिक कारोबारमा संलग्न रहेको तथ्य विभिन्न सञ्चारमाध्यमबाट बाहिरिएपछि महासंघले गत असोज १९ गते छानबिन समिति गठन गरेको थियो । छानबिन समितिले लामो समय लगाएर तयार पारेको प्रतिवेदन बुधबार महासंघका केन्द्रीय अध्यक्ष विपुल पोखरेललाई बुझाएको छ ।

यस्तै आफ्नो शाखामा सदस्य नै नरहेको अवस्थामा गैरपत्रकारलाई पत्रकार कोरिया जान प्रदान गर्ने महासंघ काठमाडौं शाखाका अध्यक्ष सूर्य सुवेदीलाई पदीय मर्यादा कायम गर्न र आफ्नो जिम्मेवारी बुझेर काम गर्न तथा गराउन सचेत गराउने निर्देशन दिन पनि समितिले सिफारिस गरेको छ ।

छनबिन समितिले कारबाहीको विषयमात्र नभई पत्रकारका लागि सिफारिस गर्दा के कस्ता विषय र कुन निकायले कसरी सिफारिस गर्ने भन्ने सम्बन्धमा कार्यविधि बनाउन पनि सुझाव दिएको छ । यसैगरी छापाखाना तथा प्रकाशन ऐन २०४८ लाई समयानुकूल परिवर्तन गरी प्रेस पासका लागि शैक्षिक योग्यता कम्तीमा स्नातक उत्तीर्णसहित केही कडा प्रावधान व्यवस्था गराउन महासंघले सम्बन्धित निकायमा लबिइङ गर्नुपर्ने उल्लेख गरिएको छ ।

छानबिन समितिका संयोजक लेखनाथ न्यौपानेले मानव तस्करी प्रकरणमा पत्रकार जोडिएको विषयलाई गम्भीरताका साथ लिएर सत्यतथ्य अध्ययन गरी छानबिन प्रतिवेदन तयार पारिएको बताए । समितिले हस्तान्तरण गरेको प्रतिवेदन बुझ्दै अध्यक्ष पोखरेलले पत्रकार जोडिएको विषयमा समितिबाट आएको सुझावसहितको प्रतिवेदन महासंघका लागि महत्त्वपूर्ण रहने बताए । उनले मानव तस्करी प्रकरणमा दोषी देखिएका महासंघका सदस्यमाथि तत्काल कारबाही अघि बढाउने प्रतिबद्धतासमेत व्यक्त गरे । मनव तस्करी प्रकरण छानबिन समितिमा महासंघका लेखा समिति संयोजक न्यौपाने संयोजकसहित केन्द्रीय सदस्यहरू शन्तराम विडारी, ज्ञानप्रसाद पौडेल, रामकृष्ण अधिकारी र महासंघ उपत्यका प्रदेशका अध्यक्ष श्रीजन झा सदस्य रहेका थिए ।

(बाँकी पष्ठ २ मा)


**जनहितमा जारी सन्देश**




प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# ललितपुर महानगरमा थपिए दुई दमकल

**पाटन (प्रस)**– ललितपुर महानगरपालिकाले अमेरिकी मापदण्डको दुईवटा अत्याधुनिक दमकल भित्र्याएको छ। विपद् न्यूनीकरण तथा व्यवस्थापनका लागि महानगरपालिकाले खरिद गरेका ती दमकल बुधबारबाट सञ्चालनमा ल्याइएको छ।

नयाँ दमकल परिचालनको शुभारम्भ गर्दै नगरप्रमुख चिरीबाबु महर्जनले विपद् व्यवस्थापनको सन्दर्भमा गर्नुपर्ने काममा उच्च प्राथमिकता दिएको बताए। उनले विपद् न्यूनीकरण र व्यवस्थापनका लागि सामूहिक प्रयत्नको खाँचो पर्ने बताए। 'हामीसँग १०६ वर्ष पुरानो डेनिस दमकल पनि सञ्चालनमा रहेको छ। अहिले आएको यो दमकलले अरू दमकल पुग्न नसक्ने ठाउँमा पनि पाइपको माध्यमबाट सहयोग पुर्‍याउने छ,' उनले भने। पानीले ननिभ्ने आगोलाई फोम हालेर निभाउन मिल्ने यो दमकलले धेरै नै ठूलो सहयोग पुग्ने जनाइएको छ।

महानगरका खरिद महाशाखा प्रमुख सागर थापाका अनुसार अमेरिकी मापदण्डका यी



दुई दमकल खरिदका लागि २०७९ असोजमा सम्झौता भएको थियो। दुईवटा अत्याधुनिक दमकलको लागत मूल्य पाँच करोड ६५ लाख रूपैयाँ रहेको उनले जानकारी दिए।

दमकलको प्राविधिक पक्षको जानकारी मेकानिकल गराउँदै महानगरका इन्जिनियर पुष्कर भट्टराईले यो दमकलले १२० मिटरसम्म उच्च क्षमतामा पानी र केमिकलको फोहोरा हान्न सक्ने जानकारी गराए। उनका अनुसार ती दमकलमा दुई हजार ५०० लिटर पानी भण्डारण क्षमता छ। यी दमकलहरू उपत्यकाका सबै क्षेत्रमा विपद् पर्दा उपलब्ध हुने जनाइएको छ। विपद् व्यवस्थापन, सडक पूर्वाधार र स्वास्थ्यलगायतका क्षेत्रमा उल्लेख्य काम गरेको ललितपुर महानगरले यसअघि नै अत्याधुनिक एम्बुलेन्स सञ्चालनमा ल्याइसकेको छ।

## आक्रामक एमाले...

पृष्ठ १ बाट जारी

तर, अर्थमन्त्री डा. प्रकाशशरण महत र निजी क्षेत्रसँग कुरा नमिल्दा प्रधानमन्त्रीले राहत प्याकेज ल्याउन सकेनन्। त्यसपछि दाहालले केही बुँदे आश्वासन दिएर बैठक सकाए। सहकारी र लघुवित्तको ऋणको विषयमा समिति बनाएर अध्ययन गराउने र प्रतिवेदनबाट प्राप्त सुझावको आधारमा मंसिर मसान्तभित्र राहत ल्याउने वचनसमेत प्रधानमन्त्री दाहालले दिएका छन्।

चारैतिरबाट घेराबन्दीमा परेका प्रधानमन्त्री दाहालले मंगलबार साँझ प्रमुख पार्टी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष ओलीलाई बालुवाटार डाकेर विविध विषयमा छलफल गरे। तीमध्ये शान्ति प्रक्रियालाई टुंगोमा पुर्‍याउने विषयमा सहमति भएको विषय बाहिरियो।

त्यसो त आत्तिएका प्रधानमन्त्री दाहाल बुधबार बिहानै राष्ट्रपति रामचन्द्र पौडेल भेट्न शितलनिवास पुगेका थिए। शितलनिवासमा राष्ट्रपति पौडेल र प्रधानमन्त्री दाहालबीच मुलुकको समसामयिक विषयहरूमा पनि छलफल भएको राष्ट्रपति पौडेलका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए।

यसैगरी बुधबार साँझै प्रधानमन्त्री दाहालले सामाजिक सञ्जालमार्फत कडा अभिव्यक्ति सार्वजनिक गरेका छन्। उनले व्यवस्थाविरुद्ध षड्यन्त्र गर्न खोजे थप कठोर हुने चेतावनी वक्तव्यमार्फत दिएका छन्। 'एकथरि मान्छेहरू लोकतन्त्र र संस्कारको कुरा गर्दै छन्। उनीहरूको संस्कार के हो, लोकतन्त्र कस्तो थियो भन्ने कुरा हामीले राम्रोसँग देखिसकेका छौं। लुटको स्वर्ग गुमेको छटपटी उनीहरूको होला। तर, व्यवस्थाका विरूद्ध षड्यन्त्र गरिरहे हामी थप कठोर हुन बाध्य हुनेछौं,' दाहालले भनेका छन्।

दाहालले संघीय लोकतान्त्रिक गणतन्त्र उल्टाउने सपना कसैले नदेखे हुने चुनौतीसमेत दिएका छन्। 'आजको परिवर्तन साना दुःखले आएको होइन। यो व्यवस्थाका निम्ति हजारौंले रगत बगाएका छन्, हजारौंले जेलनेल भोगेका छन्। लाखौं जनताले संघर्ष गरेका छन्। यो व्यवस्था कसैले उल्टाउन खोज्छ भने त्यो सपनामात्रै हो, तिनीहरूको सपना कहिल्यै पूरा हुँदैन। संसारकै नियम हो- पराजित भइसकेका सामन्ती तत्त्वहरूले अन्तिमपटक टाउको उठाउन खोज्छन्। अहिले पनि त्यही कोसिस हुँदै छ। संघीय लोकतान्त्रिक गणतन्त्र उल्टाउने सपना कसैले नदेख्दा हुन्छ,' दाहालले भनेका छन्।

## राष्ट्रिय सभा...

पृष्ठ १ बाट जारी

नेकपा माओवादी केन्द्रबाट विना पोखरेल, महेशकुमार महरा र हरिराम चौधरी, जनता समाजवादी पार्टी (जसपा) बाट प्रमिला कुमारी, नेकपा एकीकृत समाजवादीबाट नन्दा चपाइँ र सिंगबहादुर विश्वकर्मा, स्वतन्त्र डा. खिमलाल देवकोटा तथा मनोनीत डा. विमला पौडयाल छन्। तीमध्ये दसौंदी र डा. देवकोटा भने रामबहादुर थापा र खिमलाल भट्टराईले राजीनामा दिएपछि गत माघ २५ गते बाँकी अवधिका लागि उपनिर्वाचनबाट निर्वाचित भई आएका थिए।

वि.सं. २०७४ मा राष्ट्रिय सभा गठनपछि पहिलोपटक दुई, चार र छ वर्षे कार्यकालका लागि गोला प्रथाका माध्यमबाट निर्धारण भएका सबै सांसदको कार्यकाल सकिँदै छ। कार्यकाल समाप्त हुन लागेकामा एमालेका आठ, कांग्रेसका चार, माओवादी केन्द्रका तीन, एकीकृत समाजवादीका दुई तथा जसपा, स्वतन्त्र र मनोनीत एक-एकजना छन्। उनीहरूमध्ये रावल राष्ट्रिय सरोकार तथा समन्वय समिति तथा पन्थ दिगो विकास तथा सुशासन समितिका सभापति तथा प्रमिला शिक्षा तथा विज्ञान प्रविधि राज्यमन्त्री छन्। निर्वाचन आयोगले उनीहरूको कार्यकाल सकिएपछि रिक्त हुने स्थानमा आगामी माघको दोस्रो साता निर्वाचनको तयारी गरेको छ। यद्यपि मिति घोषणा हुन बाँकी छ।

आगामी निर्वाचनबाट महिला सात, दलित दुई, अपांगता भएका वा अल्पसंख्यक समूहका तीन र अन्य समूहबाट सात सदस्य निर्वाचित हुने तथा एकजना मनोनयन गरिने छन्। सामान्यतया राष्ट्रियसभा सदस्यको तोकिएको कार्यकाल समाप्त भएको एक महिनाअघि नै निर्वाचन गरिने अभ्यास छ। प्रत्येक प्रदेशबाट विभिन्न जातजाति र समुदायका गरी आठजनाको प्रतिनिधित्व हुने भएकाले सदस्य चयन प्रक्रिया प्रजातान्त्रिक र समावेशी छ। हरेक दुई-दुई वर्षमा 'स्थायी सदन'बाट एक तिहाइ सदस्यको पदावधि सकिन्छ।

परिपक्व व्यक्तिको प्रतिनिधित्व हुने 'इल्डर्स हाउस'ले प्रतिनिधिसभाले गर्ने निर्णयमा गहन छलफल गरी रायसुझाव र परामर्श दिई विधेयकलाई समृद्ध तुल्याउन महत्त्वपूर्ण भूमिका खेल्छ। प्रतिनिधिसभाको छायाका रूपमा रहेको आरोप खेपिरहेको राष्ट्रिय सभाले बेलाबखत केही महत्त्वपूर्ण विधेयकमा भने पुनर्विचार गरियोस् भन्ने सन्देश भने पठाउने गरेको छ। राष्ट्रिय सभाले आर्थिक विधेयक १५ दिन र अन्य विधेयक ६० दिनभित्र पारित गर्नुपर्ने प्रावधान छ। त्यसो नभएमा स्वतः प्रतिनिधिसभाले आफ्नो प्रक्रिया अगाडि बढाउने छ। कुनै पनि विषय वा विधेयक दुवै सदनमा पेस र छलफल गर्न सक्ने व्यवस्थाले राष्ट्रिय सभाको महत्त्वलाई पुष्टि गर्छ।

*(राससको सहयोगमा)*

## कारबाही सिफरिससहित...

पृष्ठ १ बाट जारी

**के हो मानव तस्करी प्रकरण ?**

झापाकी छिरिङ डोमा शेर्पाको जसरी पनि कोरिया जाने धोको थियो। उनी कोरोनाका कारण सन् २०१९ मा इपिएस पास गरेर पनि कोरिया जान पाइनन्। तर उनलाई कोरिया जानु नै थियो। डोमाले इपिएसबाट कोरिया जाने सपना पूरा नभएपछि दलालको माध्यम प्रयोग गर्ने निर्णय गरिन्। सोही क्रममा एकै घरमा बस्ने साथीमार्फत उनले कुमार गुप्तालाई भेटिन्। डोमाको साथीलाई पनि उनै गुप्ताले कोरिया पठाएका थिए।

गुप्तासँग भेटेपछि कोरिया जान १५ लाख रूपैयाँ खर्च गर्न राजी भएकी डोमालाई कोरिया पठाउन विभिन्न कागजात तयार पारियो। सोही क्रममा गुप्ताले डोमालाई पत्रकार बनाएर कोरिया पठाइदिने भन्दै एकराज दाहाल प्रकाशक/सम्पादक रहेको गोलमेच साप्ताहिक पत्रिकाबाट प्रेस पास बनाइदिनुका साथै र बाइलाइन समाचारसमेत प्रकाशन गर्न लगाए। गुप्ताले दाहालमार्फत पत्रकार महासंघ काठमाडौं शाखाबाट डोमालाई कोरियाको एक कार्यक्रममा जान सहजीकरण गरिदिन भन्दै सिफारिस गर्न लगाए। यसबीचमा गुप्ताले डोमासँग विभिन्न मितिमा सात लाख रूपैयाँ लिइसकेका थिए। जब उनले चेक काटिन् तब गुप्ताको असली नाम अनिलकुमार गुप्ता रहेको थाहा पाइन्।

यसरी पत्रकार नै बनाएर कोरिया पठाइदिने भन्दै पैसा लिएर लामो समय (तीन वर्ष)सम्म कोरिया पठाउन नसकेपछि डोमाले गुप्ताविरुद्ध वैदेशिक रोजगार विभाग र प्रहरीमासमेत उजुरी दिइन्। उनको उजुरीको कतै सुनुवाइ नभएपछि प्रमाणसहित मिडियामार्फत आफू ठगिएको सार्वजनिक गरिन्। जब डोमाले आफू पत्रकार नभई पत्रकार बनाएर कोरिया पठाउन लागेको भन्ने कुरा सार्वजनिक भयो त्यसपछि गुप्ता काठमाडौं शाखाका सदस्य तथा उपत्यका प्रदेश कार्यसमिति सदस्य एवं गोलमेच साप्ताहिकको तत्कालीन सम्वाददाता रहेको खुल्यो। तत्पश्चात् पत्रकार नै मानव तस्करीमा जोडिएको भन्दै सत्यतथ्य पत्ता लगाउन भन्दै महासंघ केन्द्रले छानबिन समिति गठन गरेको थियो।


### कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस Space Hr Solutions Pvt. Ltd. (ई.प.नं.१५७१/०७९/०८०)मा **मन्जुर अहमद मिया** (ना.प्र.नं. ३३८९१) ले यस प्रा. लि. मा Public Relation Officer पदमा काम गर्दै आउनु भएको र निजको व्यक्तिगत काम विशेषको कारण यस संस्थाबाट हटाईएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले **७ (सात)** दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ।

श्रम ईजाजत नं. १५७१/०७९/०८०

**SPACE HR SOLUTIONS PVT.LTD**

Ranibari-26, Samakhusi Kathmandu; Tel: 01-4357449, Whatsapp No.: 9841415166
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०८०/०८/०७**

यस कम्पनीको मिति २०८०/०५/१५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **कर्मण्य ट्रेडिङ्ग कम्पनी प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **कर्मण्य कम्पनी प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०५/२१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **कर्मण्य कम्पनी प्रा.लि.** (**प्रा.लि.नं.** २९७७५८) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।

### हक दावि सम्वन्धि सुचना

वैदेशिक रोजगार व्यवसाय गर्न यस कम्पनीले रौतहट जिल्ला गरूडा न.पा.वडा नं.६ पोटियाहीमा शाखा कार्यालय खोली रौतहट जिल्ला गरूडा न.पा.वडा नं.६ वस्ने तुलसी जैसवाललाई शाखा प्रमूख वनाई काम कारोवार गरि आइएकोमा शाखा प्रमूख तुलसी जैसवालले राजिनामा दिनु भएकाले रौतहटको पोटियाहीमा रहेको शाखा कार्यालय वन्द गर्ने निर्णय गरिएकाले सूचना प्रकाशित गरिएको छ। यस कम्पनीले रौतहट जिल्ला गरूडा न.पा.वडा नं.६ पोटियाहीमा शाखा कार्यालय संचालन गर्दा कोही कसैको लिनु दिनु भए, कसैलाई रकम दिन बाँकि राखेको भएमा १५ दिन भित्र यस कम्पनीको तल उल्लेखित ठेगाना वा वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौंमा उजुरी दावि गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा कानुन वमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ।

**खोजी रिक्रुटमेन्ट सर्भिसेज प्रा. लि.**
सानेपा, काठमाण्डौ
इजाजत नं.९०२८०६७९०६८
फोन नं.:०१५४५५७९२०१५४५५८९६
ईमेल : info@khojinepal.com.np

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०८/०७**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनीको रजिष्ट्रार कार्यालयबाट मितिः २०८०/०५/०१ मा स्विकृत प्राप्त भई साविक **सत्यनाम नेचर क्युअर हस्पिटल प्रा. लि.** (प्रा.लि.नं. १७५३५४/०७४/०७५) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **जी.एन.पि. हस्पिटल प्रा. लि.** अंग्रेजीमा **G.N.P. Hospital Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

### संस्थापक शेयर बिक्री सम्बन्धी जरूरी सूचना

(**प्रकाशित मिति २०८० साल मंसिर ७ गते बिहिबार, प्रभाव राष्ट्रिय दैनिक**)

यस वित्तीय संस्थाका संस्थापक शेयरधनीहरु मध्ये केहिले आफ्नो नाममा रहेको संस्थापक शेयरहरु बिक्रीको लागि प्रोग्रेशिभ फाइनान्स लिमिटेड समक्ष लिखित रुपमा निवेदन दिनुभएकोमा हाल यस फाइनान्समा कायम रहेका इच्छुक संस्थापक शेयरधनीले संस्थापक शेयर खरिद गर्न जानकारीको लागि मिति २०८०/०५/२८ गतेको राजधानी राष्ट्रिय दैनिकमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरेकोमा बिद्यमान संस्थापक शेयरधनीहरुले शेयर खरिद नगरेकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकले यस सम्बन्धमा वित्तीय संस्थाहरुलाई जारी गरेको निर्देशन तथा अन्य प्रचलित कानून बमोजिम उक्त संस्थापक शेयर खरिद गर्न ईच्छुक सर्वसाधारणले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र मापदण्ड पुरा हुने गरी आवश्यक कागजातसहित यस फाइनान्सको कम्पनी सचिवको कार्यालयमा लिखित निवेदन सहित सम्पर्क गर्नहुन अनुरोध गर्दछौं। साथै बिक्री गर्ने संस्थापकहरुको नाम, बिक्री मुल्यका सम्बन्धमा कम्पनी सचिवको कार्यालयमा सम्पर्क गरी बुझ्न हुन समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ।

नेपाल राष्ट्र बैंकबाट 'ग' बर्गको इजाजत प्राप्त संस्था
Progressive Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड

**कर्पोरेट कार्यालय :**
तिनकुने, काठमाण्डौं
फोन : ०१-५१९९६६४, ५१९९६६५

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०८/०७ गते)

लक्ष्मी कान्थ उपाध्यायको नातीनी, बुद्धि प्रसाद उपाध्याय अर्यालको छोरी, बारा जिल्ला कलैया उप माहानगरपालिका वंडा नं १०, बस्ने मिथिला देवी भट्टराईको मिति २०८०/०५/२१ गते मा मुत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं. ००३००२०४४६२००००१ मा मौज्दात रहेको रकम भुत्तानी पाउँ भनि निज खातावालको छोरा रंजन भट्टराइले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र अग्राधि कारवाला हकदारहरुले सबुत प्रमाण सहित दावी गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ। म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने ब्यहोरा यसै सुचना द्धारा जानकारी गराइन्छ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय विरगंज फोन नं. ०५१-५२५८१३**

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०८/०७ गते)

भवानी शंकर कँडेलको नाति, धनपति कंडेलको छोरा, पार्वती कँडेलको पति नवलपरासी जिल्ला, गैंडाकोट नगरपालिका वडा नं ०६ बस्ने हरि प्रसाद कँडेलको मिति २०७९/०१/२४ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको गैंडाकोट शाखामा रहेको संयुक्त खाता हरि प्रसाद कँडेल/दया राम कँडेल/शक्ति प्रसाद कँडेलको खाता नं. १०६००८१२८३९००००१ मा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको नयाँ संयुक्त खाता पार्वती कँडेल/दयाराम कँडेल/शक्ति प्रसाद कँडेलले यस बैंकको गैंडाकोट शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागज सहित यस बैंकको शाखा कार्यालय गैंडाकोटमा हकदावी गर्न आउनुहोला। म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय गैंडाकोट फोन नं. ०७८-५०३२२७**


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

मंसिर ०७ गते २०८०, बिहीबार

| | |
|---|---|
| मेष | अरुले आलोचना पनि गर्न सक्छन्। |
| वृष | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। |
| मिथुन | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ। |
| कर्कट | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। |
| सिंह | स्वास्थ्यमा गडबडी, दैनिक कामकाजमा असर पर्नसक्छ |
| कन्या | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला। |
| तुला | परोपकारमा रुचि बढ्नेछ। |
| वृश्चिक | कूटनीतिक नियोगको सहयोग मिल्ला। |
| धनु | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। |
| मकर | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ। |
| कुम्भ | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। |
| मीन | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

मंसिर ०७ गते, २०८०, २३ नोभेम्बर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.०८ | १३३.६८ |
| युरो | १ को | १४५.६२ | १४६.२७ |
| पाउन्ड स्टिर्लङ | १ को | १६६.७७ | १६७.५२ |
| स्विस फ्रैन्क | १ को | १५०.५१ | १५१.१९ |
| अस्ट्रेलियन डलर | १ को | ८७.३९ | ८७.७९ |
| क्यानाडियन डलर | १ को | ९७.०८ | ९७.५२ |
| सिंगापुर डलर | १ को | ९९.५५ | १००.०० |
| जापानी येन | १० को | ९.०१ | ९.०५ |
| चिनियाँ युआन | १ को | १८.६५ | १८.७३ |
| साउदी अरब रियाल | १ को | ३५.४८ | ३५.६४ |
| कतारी रियाल | १ को | ३६.५१ | ३६.६७ |
| थाई भाट | १ को | ३.७८ | ३.८० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२३ | ३६.४० |
| मलेसियन रिङेट | १ को | २८.६० | २८.७३ |
| दक्षिण कोरियन वन | १०० को | १०.२९ | १०.३३ |
| स्विडिस क्रोनर | १ को | १२.७६ | १२.८१ |
| डेनिस क्रोनर | १ को | १९.५३ | १९.६२ |
| हङकङ डलर | १ को | १७.०७ | १७.१५ |
| कुवेती दिनार | १ को | ४३२.०५ | ४३४.०० |
| बहराइन दिनार | १ को | ३५३.०१ | ३५४.६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# प्राथमिकता किटेर सुझाव आउने प्रधानमन्त्रीको अपेक्षा

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले सामाजिक न्याय, सुशासन र समृद्धिका पक्षमा गृह मन्त्रालयले सार्थक पहल लिएको बताएका छन् । गृह प्रशासनको नीतिगत सुधारबारे सुझाव पेस गर्न गठित अध्ययन समिति र उपसमितिका संयोजक तथा सदस्यहरूसँग बुधबार भएको भेटघाटमा उनले समितिबाट प्रशासन तथा सुरक्षा सुधारको आवश्यकता र प्राथमिकता किटेर सुझाव आउने अपेक्षा व्यक्त गरे । सुझावले सिंगो सरकारलाई नै प्राथमिकता निर्माणमा सहयोग पुर्‍याउने अपेक्षा रहेको प्रधानमन्त्री दाहालले बताए ।



उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठसहितको उक्त भेटघाटमा गृह प्रशासनलाई सबल तथा सक्षम बनाउन, जनताको सुरक्षाको निश्चितता गर्न र सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सुधारका क्षेत्र तथा कार्ययोजनाबारे छलफल भएको थियो । उपप्रधानमन्त्री श्रेष्ठले सरकार गठन हुनेबित्तिकैको संसद्को बैठकमा प्रधानमन्त्री दाहालले सरकारका प्राथमिकताको चर्चा गरेको र सोही उद्देश्य पूरा गर्न सुधारको पहल गरिएको जानकारी दिए ।

अध्ययन समितिका संयोजक पूर्वमुख्यसचिव लीलामणि पौडेलले एउटा समस्या सुधारेर अर्को समस्यामा हात हाल्नेभन्दा पनि हरेक समस्याको सुधारमा उत्तिकै केन्द्रित हुनुपर्ने बताए । उनले यसका लागि गृह मन्त्रालय र सबै मन्त्रालयले ध्यान दिनुपर्नेमा जोड दिए ।

समिति र उपसमितिहरूमा प्रशासन सुधारका पक्षमा योगदान दिएका व्यक्तित्वहरू संयोजक र सदस्य छन् । उनीहरूले तलब, भत्ता नलिएरै स्वयंसेवकका रूपमा काम गर्ने बताएका छन् । 'अध्ययन वा सुझाव समितिप्रति मानिसमा गहिरो अविश्वास छ । तर हामी स्वयंसेवीका रूपमा खट्नेछौं र आफ्ना अनुभव र नयाँ प्राथमिकताबारे निष्कर्ष दिनेछौं,' संयोजक पौडेलले भने, 'हामीलाई जुन विश्वास गर्नुभएको छ, प्रतिवेदन कार्यान्वयन हुने अपेक्षासमेत गर्दछौं ।'

गृहको समग्र प्रशासन, सेवा तथा सुरक्षा सुधार अध्ययनका लागि मूल समिति र नेपाल प्रहरी, सशस्त्र प्रहरी, अध्यागमन व्यवस्थापन, कारागार व्यवस्थापन तथा स्थानीय प्रशासन र सेवा प्रवाहसहित पाँच विषयगत उपसमितिहरू बनेका छन् ।

# 'भिपिएन प्रयोग गरेर टिकटक नचलाउनू'

**काठमाडौं (प्रस)–** सरकारले प्रतिबन्ध लगाएको टिकटक चलाउनका लागि प्रयोग भइरहेको भिपिएन र डिएनएस अवैध तथा असुरक्षित रहेकाले त्यसको प्रयोग नगर्न प्रहरीले अनुरोध गरेको छ । यसबाट प्रयोगकर्ताका गोप्य र महत्त्वपूर्ण डेटा चोरी हुनसक्ने भएकाले त्यस्ता अवैध प्रविधिको प्रयोग निरुत्साहित गर्न प्रहरीले आग्रह गरेको हो ।

नेपाल सरकार मन्त्रिपरिषद्को गत कात्तिक २७ गतेको निर्णयबाट पूर्णरूपमा प्रसारणमा बन्देज लगाएको सामाजिक सञ्जाल टिकटक भिपिएन, डिएनएसजस्ता असुरक्षित र अवैध माध्यमबाट सञ्चालन भइरहेको भन्ने सूचना प्राप्त भएको उल्लेख गर्दै ब्युरोका प्रहरी उपरीक्षक नरेन्द्र चन्दले त्यसको प्रयोग नगर्न सर्वसाधारणमा अनुरोध गरेका छन् ।

ब्युरोले भिपिएन, डिएनएसको प्रयोगले प्रयोगकर्ताको डिभाइसमा रहेका महत्त्वपूर्ण डेटा, व्यक्तिगत विवरण, बैंकिङ विवरणकोसमेत पहुँच पुर्‍याई चोरी हुने र आर्थिक दुरूपयोगका घटना साइबर सुरक्षाका दृष्टिकोणले समेत बढिरहेको पाइएको जनाएको छ ।

यस्तै विद्युतीयस्वरूपमा गैरकानुनी कुरा सम्प्रेषण गर्ने, सम्प्रेषण गरिएका गलत सामग्रीले व्यक्ति तथा समाजलाई नकारात्मक प्रभाव पार्नुका साथै व्यक्तिको चरित्रहत्या गर्ने, सार्वजनिक नैतिकता, जातीय, भाषिक, धार्मिक सद्भाव खल्बल्याउनेजस्ता गतिविधि पनि भइरहेकाले यसतर्फ सचेत हुन अनुरोध गरिएको छ । राष्ट्रिय एकता तथा राष्ट्रहितमा प्रतिकूल असर पार्नेलगायतका दुष्प्रभाव सिर्जना गर्ने गतिविधिसमेत टिकटकका माध्यमबाट हुने गरेको पाइएको हुँदा प्रविधिको दुरूपयोग गरी यस्ता गतिविधि नगर्न र नगराउन ब्युरोले आग्रह गरेको छ ।

## कुमारी बैंक लिमिटेड काठमाडौंको नाममा रहेको गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०८/०७ गते प्रभाव दैनिक)

यस कुमाारी बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लिखित गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्न ७ दिने गोप्य शिलबन्दी बोलपत्रको सुचना प्रकाशित गरीएको छ । उक्त गैह्र बैंकिङ्ग सम्पत्ति खरिद गरि लिन ईच्छुक महानुभावहरुले देहायका शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिनहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. **कुमारी बैंक लिमिटेड (साबिक सुप्रिम डेभलपमेण्ट बैंक लि.)** को नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला चारपाने वडा नं. १ स्थित कित्ता नं. १४४८२ को जग्गा क्षेत्रफल ०(० (१०(० (वि.क.धु.क) घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।
२. **कुमारी बैंक लिमिटेड (साबिक सुप्रिम डेभलपमेण्ट बैंक लि.)** को नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला अनारमनि वडा नं. १ स्थित कित्ता नं. ११०, १२७ र ३३२ को क्षेत्रफल क्रमश: ५१०.००, ११९२.७४ र ६६१.३७ (ब.मि.) घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ दिन अर्थात मिति २०८० मंसिर १३ गते** सम्म कुमारी बैंक लि. को शाखा कार्यलय बिर्तामोडमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम यस बैंकको शाखा कार्यालय बिर्तामोडमा स्थित कर्जा बिभागबाट रु ५००/तिरी प्राप्त गर्न सकिने छ । सो बोलपत्रमा उल्लिखित शर्तहरु समेत यसै सूचनाकै अभिन्न अंग मानिने छ ।
३. बोलपत्रमा आफुले सकार गरि लिन चाहेको गैर बैंकिङ्ग सम्पत्ति के कति रकममा सकार गरि लिन चाहेको हो स्पष्ट रुपमा अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । बोलपत्र पेश गर्दा आफुले कबुल गरेको रकमको १०(दश) प्रतिशतले हुन आउने रकम धरौटि बापत यस बैंकमा जम्मा गरि सोको भौचर, यस बैंकको नाममा खिचिएको बैंक गुड फर पेमेन्ट (Good For Payment) चेक बोलपत्रको साथमा संलग्न गरेको हुनु पर्ने छ । सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन साथै धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. उक्त घर/जग्गा ब्यक्ति वा संस्था एक्लैले वा संयुक्त रुपमा पनि खरिद गर्न सक्ने गरि बोलपत्र पेश गर्न सकिने छ । ब्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र संस्थाको हकमा दर्ता प्रमाणपत्र र स्थायी लेखा नंबरको प्रतिलिपी पेश गर्नु पर्ने छ ।
५. यो सूचना प्रकाशित भएको मितिले **८ औं दिन अर्थात मिति २०८० मंसिर १४ गते दिनको ३:०० बजे** बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवर बैंकको शाखा कार्यलय बिर्तामोडमा बोलपत्र खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन ।
६. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा सोको भोलिपल्ट अर्थात बैंक खुलेको दिन सोहि समय भित्र बोलपत्र बुझाउन/खोल्न सकिने छ ।
७. म्याद नाघि वा रित नपुगी आएको तथा शर्त राखि दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
८. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले ७ दिन भित्र बोलकबोल गरेको धरौटी बाहेकको बांकी रकम रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ, अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुने छ ।
९. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक कबुल गर्नेलाई समेत बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकार गर्ने वा नगर्ने वा पुन: थप निगोशियसन गर्ने वा लिलाम प्रक्र्यानै रद्द गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
१०. लिलाम गरिएको सम्पत्ति दाखिल खारेज गर्न सम्बन्धित निकाय अड्डा आदिमा लाग्ने सबै प्रकारका कर, राजश्व, दस्तुर आदि सम्पूर्ण दायित्व बोलपत्रदाताले ब्यहोर्नु पर्नेछ ।
११. अन्य थप जानकारी चाहिएमा बैंकको प्रधान कार्यालय अर्न्तगत कर्जा असुली बिभाग बागबजार, काठमाण्डौंमा सम्पर्क गर्न सकिने छ ।

**बोलपत्र खोलिने मिति २०८० मंसिर १४ गते बिहीबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय बिर्तामोड फोन नं. ०२३-५३३८२२/१०२८**


## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले चीनबाट पैठारी गरेको देहाएको मालवस्तुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

| No. | Item | DESCRIPTION OF GOODS | Country of origin | Unit | MRP in NPR |
|---|---|---|---|---|---|
| 1 | Monitor | Koorui 34E6UC WQHD 34 165Hz, Monitor | China | Pcs | 62,500.00 |
| 2 | Monitor | Koorui 27E6QC QHD 27 170Hz, Monitor | China | Pcs | 45,000.00 |
| 3 | Monitor | Koorui GN10 (UK Plug) Monitor | China | Pcs | 85,000.00 |
| 4 | Monitor | Koorui IPS 27N1 27 75Hz, Monitor | China | Pcs | 30,500.00 |
| 5 | Monitor | Koorui IPS 24N1 24 75Hz, Monitor | China | Pcs | 26,500.00 |
| 6. | Monitor | Koorui 27E3QK (UK Plug) Monitor | China | Pcs | 60,000.00 |
| 7 | Monitor | Koorui N07 (UK Plug) Monitor | China | Pcs | 45,000.00 |
| 8 | Monitor | Koorui GA01 (UK Plug) Monitor | China | Pcs | 50,000.00 |
| 9 | Monitor | Koorui P02 (UK Plug) Monitor | China | Pcs | 27,500.00 |
| 10 | Monitor | Koorui 22N1 (UK Plug) Monitor | China | Pcs | 22,000.00 |

Importer: **IBASE TECHNOLOGIES** Phone : 01-4421983
Address : Computer Bazar, Putalisadak, Kathmandu Vat no: 600752518



## UAE मा रोजगार PLUS SEVEN CONTRACTING LLC, UAE

पुर्व स्विकृति मिति: 2080.8.05 चलानी नं. ६०२१०२९७ LT No. 295299

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber Assistant | 10 | काममा दक्ष | 1000 | 36261 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Brick Mason | 11 | | 1000 | 36261 | | | | | | | |
| 3 | Tile Layer | 10 | | 1000 | 36261 | | | | | | | |
| 4 | Electrician Assistant | 10 | | 1000 | 36261 | | | | | | | |
| 5 | Brick Layer Assistant | 12 | | 1000 | 36261 | | | | | | | |
| 6 | Cement Mixer | 10 | | 1000 | 36261 | | | | | | | |
| 7 | Steel Fixer | 14 | | 1000 | 36261 | | | | | | | |
| 8 | Painter | 15 | | 1000 | 36261 | | | | | | | |
| 9 | Cane Furniture Maker | 16 | | 1000 | 36261 | | | | | | | |
| 10 | Plumber | 12 | | 1000 | 36261 | | | | | | | |
| 11 | Eletrician | 11 | | 1000 | 36261 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

**अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०८० मंसिर १४ गते (30 November 2023) हुनेछ ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

**लागत खर्च: नि:शुल्क**

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MF INTERNATIONAL SDN BHD**

पुर्व स्वीकृति मिति २०७९/१२/१८ पुर्व स्वीकृति मिति २०८०/०८/०६ LT. No. 283801 चलानी नं.६०१९९३४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 35 | 0 | 1500 | ४२७०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १४ गते (30th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MEHANDI OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ११५७/०७३/०७४
Sinamangal–9, Airport, Kathmandu, Tel:- 01 4581856
Mobile : 9851134306, Email:mehendioverseas2074@gmail.com


## सूचना

का.म.पा वडा नं. २६ (साविक वडा नं. २९) अन्तर्गत भिम बहादुर छन्त्यालको नाममा दर्ता भएको कि.नं. ७९ जग्गाहरूमा बनेको घरको भुई तलाको सटर भाडामा लिई मैया लामाले व्यवसाय गर्दै आएको र विगत ४ महिना भाडा नतिरी सम्पर्कमा नै आउन छाडेको र पटक पटक मौखिक तथा लिखित रूपमा बहाल बुझाई घर खाली गरिदिन अनुरोध गर्दा समेत उजुरवालाको अनुरोधलाई अटेर र वेवास्ता गरेकोले उक्त घर खालि गर्नका लागि बेवास्ता गरेको भनि भिम बहादुर छन्त्यालले निवेदन दिनुभएको हुँदा काठमाडौं महानगरपालिका घर बहाल व्यवस्था निर्देशिका २०७९ को दफा २७ उपदफा ३ बमोजिम विपक्षीहरूलाई यस का.म.पा २६ वडा कार्यालयमा १५ दिन भित्र उपस्थित हुनु भनि सूचना जारी गर्नुपर्ने भएकोले यो सूचना विपक्षीका नाममा प्रकाशित गरीदिनुहुन अनुरोध गरिन्छ । अत: त्यस सूचना प्रकाशित गरेवापतको शुल्क, दस्तुर निवेदक सँग लिनुहुन समेत अनुरोध छ । **नाम : भिम बहादुर छन्त्याल**

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक २०० मंसिर ०४ गते २०८० मा प्रकाशित **All Asia Overseas Pvt.ltd** को Lot No. 279750 को **Palm Springs International Company** कम्पनीको विज्ञापनमा **Kitchen Worker को पुरुष कामदारको संख्या २५** हुनुपर्नेमा अन्यथा सच्याइएको जानकारी गराइन्छ ।

**All Asia Overseas Pvt.Ltd**
श्रम इजाजत नं. १३०६/०७४/०७५
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## मोटरसाइकल हराएको सूचना

हुलास फिन सर्भे लि को नामबाट ऋणी सुरेश भोम्जन नाममा रहेको । निम्न व्योहोरा रहेको मोटर साइकल मिति २०८०/०७/१७ गते कीर्तिपुर न.पा वडा नं ०१ चाँदनी चोक स्थित घरमा पाकिङ्गबाट रातीको ११ :०० वजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरि दिनु होला ।

**धनीको नाम :** सुरेश भोम्जन
**प्रकार :** Pulsar-220CC NS
**बाइक नं.:** बा. प्र. ०२-०३७ प ०८७२
**च्यासिस नं.:** :D2A36FX3MCJ98557
**इन्जिन नं. :** JLXCMH93986
**रंग:** सेतो
**सम्पर्क:** 9815521121

## खानीखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**साल्मेचाकल, काभ्रेपलान्चोक**
**बागमती प्रदेश, नेपाल**

### च्याउ खेती कार्यक्रमको लागि निवेदन दिने सम्बन्धी सूचना

प्रथम-पटक प्रकाशित मिति : २०८० मंसिर ०७ गते

यस खानीखोला गाउँपालिकाको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक च्याउ खेती प्रवर्द्धन अनुदान कार्यक्रम अन्तर्गत च्याउ खेती गर्न ईच्छुक कृषक/कृषक समूह/समिति/सहकारी/संघ-संस्था/कम्पनी/कृषि फर्म उद्यमीहरुलाई यो सूचना प्रकाशन भएको मितिले १० दिन (२०८०/०८/१५) भित्रमा यस गाउँपालिकाको कृषि विकास शाखामा तोकिएको कागजात सहित आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी साथै रित नपुगेका र म्यादभित्र नआएका निवेदन उपर कारबाही नहुने व्यहोरा जानकारी गराईन्छ ।

**तपशिल**

| क्र.स. | कार्यक्रमको नाम | इकाई | कार्यक्रम लागु हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १. | च्याउ खेती प्रवर्द्धन कार्यक्रम | संख्या | खानीखोला गा.पा., वडा नं ५ | |

नोट: थप जानकारीको लागि खानीखोला गाउँपालिकाको कृषि विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।
सम्पर्क नं. ९८४३२४९५६५

**आवश्यक कागजातहरू:**

१. दर्ता प्रमाण-पत्र, नवीकरण भएको
२. PAN दर्ता प्रमाण-पत्र
३. कर चुक्ता प्रमाण-पत्र
४. सम्बन्धित वडाकार्यालयको सिफारिस
५. सम्बन्धित व्यक्तिको नागरिकताको प्रतिलिपि
६. अनुसूचि २ बमोजिमको निवेदन
७. जग्गा धनीपूर्जाको प्रतिलिपि

**प्रमुख प्रशासकीय अधिकृत**


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **BEST FORM BRAKE MANUFACTURE SDN BHD**

पूर्व स्वीकृति मिति : २०८०/०८/०५ LT. No.295216 चलानी नं.६०२१०२९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १४ गते (30th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sansar International Services Pvt. Ltd.** श्रम ईजाजत नं. ८९८/०६७/०६८
Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Fax : +977-1-4358488



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ABERAH COMPANY**

पूर्व स्वीकृति मिति २०८०/०८/०५ LT. No. 295195 चलानी नं. ६०२१०३०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६४,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १४ गते (30th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# संयमता अपनाऔं

सरकारविरोधी दुई शक्तिको आन्दोलनका कारण आममानिसमा त्रासको वातावरण सिर्जना भएको छ । कतै यो प्रदर्शन मूठभेडमा त परिणत हुने होइन ? कुनैबेला एमालेकै अध्यक्ष केपी शर्मा ओलीको छात्रछायामा चर्चामा आएका दुर्गा प्रसाईं अहिले उनैविरुद्ध सत्तोसराप गरेर सडकमा आएका छन् । एमाले पनि उनलाई तह लगाउने भन्दै एकैदिन सडकमा ओर्लिएको छ । दुर्गाले सरकारको नेतृत्व गरिरहेको प्रधानमन्त्री पुष्पकमल दाहाललाई केही भनेका छैनन् । कांग्रेसमाथि पनि उनको केही भन्ने देखिँदैन । तर ओलीको उनले उछित्तो काढिरहेका छन् । यता एमाले पनि के कम ? दुर्गालाई अपराधी करार गरिरहेका छन् ।

दुर्गाको आन्दोलनमा राजावादी, हिन्दूराष्ट्र पक्षधरताको पनि साथ देखिएको छ । व्यवस्था नै परिवर्तन गर्न आफूहरू प्रदर्शनमा उत्रिएको दाबी प्रसाईंको छ । बैंक तथा लघुवित्तबाट ऋण लिएर पीडित बनेकाहरूको पनि साथ देखिन्छ प्रसाईंलाई । तर, उनको तथानाम गाली एमालेविरुद्ध छ । एमाले प्रसाईं समर्थकविरुद्ध जाइलाग्ने ध्याउन्नमा देखिन्छ । मंगलबार राति युवा संघका कार्यकर्ताले बास बसेका प्रसाईं समर्थकलाई लखेटेको भिडियो बुधबार सार्वजनिक भएपछि एमालेको आलोचनासमेत हुन थालेको छ ।

शान्तिपूर्ण प्रदर्शन लोकतन्त्रको सुन्दर पक्ष हो । यसअघि शिक्षक, मिटर ब्याजपीडितको आन्दोलन चलेको थियो । दुवै आन्दोलन शान्तिपूर्ण रूपमा भयो भने सरकारले उनीहरूको मुद्दालाई गम्भीर रूपमा पनि लिएको छ । तर आजको आन्दोलन अभिव्यक्ति र व्यवहारको आधारमा अराजकतातर्फ उन्मुख हुने देखिन्छ । एकले अर्कोविरुद्ध तानाशाह प्रवृत्ति लाद्नु लोकतन्त्र हुन सक्दैन । आफूलाई मन नपरेको विषयमा सरकारले तोकेको स्थानमा बसेर प्रदर्शन गर्न पाइन्छ । तर एक पक्षको प्रदर्शनविरुद्ध अर्को पक्ष दमनमा उत्रनु अराजकता हो । यसले कहिल्यै न्याय दिन सक्दैन ।

जनताको न्यायको लागि लड्ने संकल्प बोकेका दल र अभियन्ताले यस किसिमको अराजकतालाई अँगाल्नु कदापि ठीक हुन्न । न्याय पाउने आशमा गाउँगाउँबाट जनता काठमाडौंमा प्रदर्शनका लागि आइपुगेका छन् । अराजकताले निर्दोष गाउँलेमाथि चोटपटक थपिनेमात्र हैन, अंगभंग हुनसक्ने खतरा हुन सक्छ । यस्तो अवस्था सिर्जना हुन नदिन प्रशासन, गृह मन्त्रालय र सरकारले पनि विशेष ध्यान पुऱ्याउनुपर्छ । भीड नियन्त्रणको नाममा निहत्था जनतामाथि जथाभावी लाठी वर्षाउने, तितरवितर पार्ने काममा प्रशासनले विशेष ख्याल गर्नुपर्छ । आन्दोलनका समयमा राज्य र आन्दोलन पक्षधरबाट हुन सक्ने सम्भावित हिंसा रोक्न मानवअधिकार क्षेत्रमा सक्रिय रहेका संघसंस्थाले पनि स्थलगत अवलोकन गरी संयम बनाउन पहल गरोस् । साथै, आन्दोलनरत पक्षले पनि संयमता अपनाउँदै शान्तिपूर्ण प्रदर्शनमार्फत आफ्नो माग राखियोस् । हिंसा भड्काउने काम कुनै पक्षबाट नहोस् ।

## मननयोग्य

### चाणक्य नीति

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द । तं सन्, यो ब्राह्मण संकल्प गर्छ जवसम्म नन्दवंशको जरदेखि नाश गर्दैन तबसम्म अन्न खाँदैन र यो टुप्पी तेरो (नन्दको) रगतले नधोएसम्म शिखा पनि पार्दैन (बाँध्दैन) । नन्दले आफ्ना सैन्यलाई चाणक्यलाई गिरफ्तार गर्न आदेश दिनुभन्दा अगाडि नै मध्यसभाबाट चाँडो-चाँडो पाइला चाल्दै उनी दरबारबाट बाहिरिए । राजा र सबै दरबारिया हेरेका हेऱ्यै भए ।

यसरी नन्दको दरबारमा प्रतिज्ञा गरेर जसरी शकटारसँग भेट्न आफ्ना पिता कमाए त्यसैगरी उनी पनि गए । तिहारको मध्यराती अन्धाकार नष्ट गरिरहेथ्यो । मगधका प्रत्येक घर जग थिए । बूढा, बच्चा, तरुनी वृती सबै अनुभव पनि दुराचारी नन्दको अत्याचार बिसिएर दीपावलीको मानद लिइरहेका थिए ।

विस्तारै विस्तारै थाकेका सबै सुन्न गए । ताराखाली सुन् मात्र थियो या कतै-कतै अन्धारसँग बढ्दै गरेका बती र सुनसान थियो । नीरवतालाई कहीं कुकुरको आवाजले भंग गरिदिन्थ्यो ।

यसै बेलामा दुब्लो पातलो शरीरका कुनै साधु का सालि सतर्क भई राजमार्गमा हिँड्दै मन्त्रीहरूका निवासतिर जाँदै थिए । शरीर गेरु वस्त्रले ढाकेका थिए । काँधमा एउटा झोली थियो । ती पुरुष शकटारको ढोकामा आइपुगे । सतर्क खडा रहेको प्रहरीले भाला अगाडि बढाउँदै रौक्यो र भन्यो-"बाबा भोलि विहान आउनुहोस्, यसबेला अमात्य सुतिक्नुभएको छ ।'

बृद्धले तिखा नजरले हेर्दै द्वारपाललाई भने-'मलाई अमात्यसँग यसै समय भेट्नु छ । तिमी गई अमात्यसँग भन 'कौटिल्य' आएको छ विष्णुगुप्त, किन कि विष्णुगुप्त नामको व्यक्तिको चारैतिर खोजी भइरहेछ । 'कौटिल्य' नाम शकटारबाहेक अन्यलाई थाहा छैन । पातलो शरीर एवम् तिखा दृष्टिले द्वारपाल असहायकजस्तो भयो र तुरुन्त भित्र सूचना दिन गयो ।

क्रमशः

# सामाजिक सञ्जाल नियमनको आवश्यकता



▶▶ नेत्र सुवेदी 'प्रयास'

चरम उदारवादको र प्रविधिको स्वच्छन्द प्रयोगकर्ता हुने वा विवेकपूर्ण र उत्पादक उपयोग गर्ने भन्ने कुराको फैसला गर्ने हामीले नै हो । टिकटकको अराजक तथा मनमौजी प्रयोगले जे जति घाटा नेपाली समाजलाई भयो त्यसको गणना वा मापन गर्न सजिलो छैन । अभिव्यक्ति स्वतन्त्रताको नाममा जे पनि जसरी पनि गर्न पाइने भन्ने व्याख्या हुने हो भने अब लोकतन्त्रको विश्वसनीयताउपर पनि प्रश्न तेर्सिन सक्छ । सबै सामाजिक सञ्जालहरूको प्रयोग मर्यादित र कानुनसम्मत हुनुपर्दछ । राज्यले गरेको आग्रह नागरिकले र व्यवसायीले समेत अनुसरण गर्नुपर्दछ ।

सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिकाअनुसार 'सामाजिक सञ्जाल' भन्नाले इन्टरनेटले उपलब्ध गराएको सुविधा प्रयोग गरी सामाजिक सञ्जाल 'प्लेटफर्म'ले उपलब्ध गराएको विधिअनुरूप कुनै व्यक्ति, समूह वा संस्थालाई एक अर्कासँग अन्तर्क्रियात्मक सञ्चार गर्न सक्ने सुविधा तथा प्रयोगकर्ताले निर्माण गरेका विषयवस्तु प्रसार गर्ने सुविधासमेत प्रदान गर्ने समूह, ब्लग, एपलगायतका सञ्जाल सम्झनुपर्छ । खासगरी प्रयोगकर्ता र प्लेटफर्म सञ्चालकहरूको स्वनियमनका लागि भनिएको निर्देशिकाले मुलुकमा पहिलोपल्ट सामाजिक सञ्जाल सम्बन्धमा दुरूपयोग रोक्ने र सिर्जनात्मक प्रयोग हुन दिने व्यवस्था गरेको छ ।

गत असोजमा मन्त्रिपरिषद्ले सामाजिक सञ्जालको सदुपयोग गर्न र जथाभावी प्रयोग नगर्न एउटा प्रस्ताव नै पारित गरेको थियो । सो प्रस्तावमा यस्तो सन्देशमार्फत सार्वजनिक आग्रह गरिएको थियोः 'विचार तथा अभिव्यक्ति स्वतन्त्रतालगायतका संविधानप्रदत्त मौलिक हकको सम्मान गर्दै सामाजिक सञ्जालको बढ्दो प्रयोगलाई सकारात्मक तथा मर्यादित बनाउने सन्दर्भमा सामाजिक सञ्जाल सञ्चालक र प्रयोगकर्ताले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान वा राष्ट्रिय हित वा संघीय एकाइबीचको सुसम्बन्धमा प्रतिकूल असर हुने गरी वा वर्गीय, जातीय, धार्मिक, क्षेत्रीय, साम्प्रदायिक र यस्तै अरु कुनै आधारमा घृणा, द्वेष वा अवहेलना हुने कुनै काम कारबाही नगर्न नगराउनुहुन एवं विभिन्न जात, जाति वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पुग्ने गतिविधि नगर्न नगराउनुहुन सम्बन्धित सबैमा नेपाल सरकार हार्दिक अनुरोध गर्दछ ।

साथै, सामाजिक सञ्जाल प्रयोग गर्दा आधारहिन कुरा राख्ने, व्यक्तिको प्रतिष्ठा, आत्मसम्मान, गोपनीयता तथा चरित्रमा आघात पुऱ्याउने, जातीय भेदभाव, छुवाछूतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, अपराध दुरुत्साहन गर्ने, शान्ति सुरक्षा भंग हुने कार्यलाई बढावा दिने वा प्रचलित कानुनबमोजिम प्रकाशन वा प्रसारण गर्न रोक लगाएका कुरा प्रसारण वा सम्प्रेषण गर्ने वा सार्वजनिक सदाचार र नैतिकताको प्रतिकूल हुने सामग्री प्रकाशन वा प्रसारणजस्ता कार्य नगर्न नगराउन समेत नेपाल सरकार हार्दिक अपिल गर्दछ ।'

कात्तिक १९ गते गृह मन्त्रालयमा टिकटक सञ्चालक पक्षसहितको बैठक बसी सामग्रीहरू नेपालको कानुन र सामाजिक मान्यताअनुरूपमात्र राख्न भनिएकामा टिकटकबाट कुनै सुधारको संकेत देखिएन । सम्भवतः टिकटकउपर प्रतिबन्ध लगाउने सम्बन्धमा एकमत हुनुमा यो पनि एउटा कारण बन्न पुग्यो ।

तिहार अगाडि सामाजिक सञ्जाल नियमनका कामले गति लिए । तिहारको पूर्वसन्ध्यामा भएका सरकारी दुई निर्णयले तिहारभरि मिडियाहरू मात्र तताएन कि ती निर्णय सम्बन्धमा समर्थन तथा विरोध दुवै आवाजहरू बुलन्द भए । मिडियालाई विश्लेषणको सन्दर्भ पनि सामाजिक सञ्जालको नियमन नै भयो । नियमन र नियन्त्रणमा सरकारमा रहेका दलहरूबीच समझदारी भएको हो र हैन भनेर दुवैखाले दाबीहरू समेत पेस गरिए । पहिलो विषय थियोः सामाजिक सञ्जाललाई व्यवस्थित गर्नेसम्बन्धी निर्देशिका कात्तिक २३ गतेको मन्त्रिपरिषद् बैठकबाट पारित हुनु र दोस्रो विषय चाहिँ कात्तिक २७ गते बसेको अर्को मन्त्रिपरिषद्को बैठकले टिकटक नामक सामाजिक सञ्जाल नेपाल सरहदभित्र सञ्चालन गर्न बन्देज गर्ने निर्णय गर्नु र सोको कार्यान्वयन भोलिपल्ट दिउँसोदेखि प्रारम्भ हुनु ।

## निर्देशिकामा के छ ?

सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० ले खासगरी स्वनियमन गर्ने उद्देश्य राखेको छ भने यसले आफ्नो स्रोत कानुनको रूपमा विद्युतीय कारोबार ऐन, २०६३ लाई मानेको छ । मस्यौदा तयारीका क्रममा सुशासन ऐनलाई टेकेर निर्देशिका बनाउँदा राम्रो हुने सुझावहरू पनि प्राप्त भएका थिए । तथापि तत्काल रहेका कानुनमध्ये विषयवस्तुका हिसाबले विद्युतीय कारोबार ऐन नै नजिकको रहेको ठहरसहित सोही कानुनलाई स्रोत कानुन मानी निर्देशिकालाई अन्तिम रूप दिइएको छ ।

निर्देशिकाको केन्द्रीय विषयवस्तु भनेको नै सामाजिक सञ्जाल प्लेटफर्महरूले नेपालमा सञ्चालन गर्नका लागि निर्देशिकाले तोकेको ठेगानामा आधिकारिक कागजात पठाएर सूचीकृत हुने, प्रत्येक तीन/तीन वर्षमा सूची अध्यावधिक गर्ने, एक लाखभन्दा ज्यादा प्रयोगकर्ता भएको सामाजिक सञ्जाल प्लेटफर्महरूले नेपालमा गुनासो सुन्ने व्यवस्था गर्नुपर्ने र यसका लागि सम्पर्क व्यक्ति वा कार्यालय (पोइन्ट अफ कन्ट्याक्ट) सञ्चालनमा ल्याउनुपर्ने, प्लेटफर्महरूले सामाजिक सञ्जाल प्रयोग सम्बन्धमा शिक्षा तथा सचेतनाका कामहरू समेत गर्नुपर्ने व्यवस्था पनि निर्देशिकाले गरेको छ ।

निर्देशिकाले सामाजिक सञ्जाल प्रयोगकर्ताका जिम्मेवारी तथा गर्न नहुने कार्यहरूका साथै प्लेटफर्म सञ्चालकका जिम्मेवारी, निर्देशिका कार्यान्वयनमा प्रत्यक्षरूपमा संलग्न रहने सञ्चार तथा सूचना प्रविधि मन्त्रालय तथा मन्त्रालयअन्तर्गत रहने सामाजिक सञ्जाल व्यवस्थापन एकाइ तथा मन्त्रालयअन्तर्गत क्रियाशील चार सम्बद्ध निकायहरू नेपाल दूरसञ्चार प्राधिकरण, सूचना तथा प्रसारण विभाग, प्रेस काउन्सिल नेपाल र विज्ञापन बोर्डलाई सम्बद्ध निकायका रूपमा लिई सामाजिक सञ्जाल सम्बन्धमा ती निकायले सम्पर्क व्यक्ति तोक्नेलगायतका जिम्मेवारी पनि निर्देशिकाले उल्लेख गरेको छ । निर्देशिकाले खासगरी नेपालको संविधान र हालसम्मका कानुन तथा संहितासमेतका आधारमा सामाजिक सञ्जाल प्रयोग गरेर हुन सक्ने आपराधिक क्रियाकलापहरूको सूचीसमेत समावेश गरेको छ । यस्तो क्रियाकलाप हुँदा प्रचलित कानुनअनुरूप कानुनी कारबाही हुने नै भयो ।

निर्देशिका जारी भएको तीन महिनाभित्र सामाजिक सञ्जाल प्लेटफर्महरूले नेपालभित्र सम्पर्क कार्यालय स्थापना गर्नुपर्ने र सोको ठेगानासहित सूचीकृतसमेत हुनुपर्ने व्यवस्था छ । सामाजिक सञ्जाल प्लेटफर्महरूले अब कारोबारको भुक्तानी बैंकिङ प्रणालीबाट गर्नुपर्ने व्यवस्था पनि निर्देशिकामा गरिएको छ । सामाजिक सञ्जालको प्रयोगका क्रममा प्लेटफर्म र प्रयोगकर्ताले गर्न नहुने भनेर निर्देशिकामा व्यवस्था गरिएका क्रियाकलापहरूमा बेनामे वा छद्मभेषी पहिचान (फेक आइडी) सिर्जना गर्न, बेनामे वा छद्मभेषी पहिचान (फेक आइडी) मार्फत विषयवस्तु (कन्टेन्ट) उत्पादन गरी सेयर गर्ने वा अरूको विषयवस्तु (कन्टेन्ट) सेयर गर्ने वा टिप्पणी (कमेन्ट) व्यक्त गर्न वा कल ग न र



कुनै समुदाय, जातजाति, लिंग, धर्म, उमेर, वर्ण, वर्ग, पेसा, सम्प्रदाय, वैवाहिक अवस्था, पारिवारिक अवस्था, शारीरिक तथा मानसिक अवस्था, उत्पत्ति, यौनिक अल्पसंख्यक, भाषाभाषी तथा कानुनले संरक्षण गरेका अन्य समूह वा वर्गलाई लक्षित गरी घृणा फैलाउने, सामाजिक सद्भाव र सहिष्णुतामा आँच आउने प्रकृतिका अभिव्यक्ति दर्शाउने शब्द, श्रव्य दृश्य, तस्बिर सेयर गर्ने एवं ट्रोल बनाई प्रकाशन र प्रसारण गर्न रहेका छन् ।

यसैगरी बालश्रम, मानव बेचबिखन, बहुविवाह, बालविवाहजस्ता क्रियाकलाप गर्न प्रोत्साहित गर्न, अरूलाई होच्याउने नियतले अपमानजनक शब्द, श्रव्यदृश्य, तस्बिर, ट्रोल बनाई घृणायुक्त अभिव्यक्ति, गालीबेइज्जती गर्न, हेट स्पीच वा हेट स्पीच मानिने कार्य गर्न (स्पष्टीकरणः हेट स्पीच भन्नाले पोस्ट, सेयर वा कमेन्ट गरेको विषयले व्यक्ति, समूह वा समुदायमा हिंसा फैलने, सामाजिक सद्भाव बिग्रनेजस्ता दुष्परिणाम निस्कन सक्ने खालका आवाज, शब्द, तस्बिर, भिडियोलाई सम्झनुपर्छ) र डिजिटल माध्यमको प्रयोगबाट कुनै व्यक्तिको तस्बिर विकृत रूपले परिमार्जन गरी प्रकाशन वा प्रसारण गर्न पनि निर्देशिकाले बन्देज लगाएको छ ।

सार्वजनिक प्रकृतिकाबाहेक निजी मामिलाका फोटो भिडियो अनुमतिविना खिचेर प्रकाशन र प्रसारण गर्न, अश्लील शब्द, तस्बिर, भिडियो, अडियो एनिमेसन प्रसारण, प्रकाशन, टिप्पणी गर्न, बालबालिकालाई हानि पुऱ्याउने सामग्री तथा बालयौन शोषण, यौन दुर्व्यवहार, देहव्यापारजस्ता निषेधित क्रियाकलापलाई प्रोत्साहन गर्न, मिथ्या सूचना, भ्रामक सूचना, दुष्प्रचार, सूचना तोडमोड गरेर प्रकाशन वा प्रसारण गर्न र साइबर बुलिङ मानिने कार्य गर्न (स्पष्टीकरणः साइबर बुलिङ भन्नाले प्रविधिको प्रयोगमार्फत अन्य व्यक्तिलाई हतोत्साहित बनाउने, धम्क्याउने, हैरान पार्ने, गालीगलौज गर्ने, गलत सूचना संप्रेषण गर्नेजस्ता कार्य सम्झनुपर्छ) लाई पनि गर्न नहुने कार्यको सूचीमा राखिएको छ ।

यस्तै निर्देशिकाले लागुऔषध सेवनको प्रोत्साहन तथा कारोबार गर्न, गराउन, जुवा खेलाउने वा जुवा खेल्न प्रोत्साहन गर्न, आतंकवादसम्बन्धी विषयवस्तुको प्रकाशन वा प्रसारण गर्न, सामाजिक सञ्जाल प्रयोग गरी कसैको आइडी तथा सूचना ह्याक गर्न, सामाजिक सञ्जाल प्रयोग गरी फिसिङ, इम्पोस्टरजस्ता कार्य गर्न, विभत्स तस्बिर, भिडियो कुनै सन्दर्भविना नै पोस्ट वा सेयर गर्ने, प्रचलित कानुनले निषेध गरेका वस्तुहरूको विज्ञापन तथा कारोबार गर्न र प्रचलित कानुनले निषेध गरेका क्रियाकलापहरू नक्कल गर्न तथा सेयर गर्न निषेध गरेको छ ।

उल्लिखित क्रियाकलाप हुन नदिन प्रयोगकर्ता र प्लेटफर्म सञ्चालक सजग हुने र निगरानी राख्ने गरेमा अवश्य पनि सामाजिक सञ्जालको जथाभावी प्रयोग नियन्त्रण हुने अपेक्षा गर्न सकिन्छ । निर्देशिकाअनुरूप सार्वजनिक सूचनासमेत जारी गरेर स्वनियमनका कार्यहरू छिट्टै प्रारम्भ हुने छन् । नयाँ प्रविधिले निम्त्याएका अनुशासनबाहिरका गतिविधि न्यूनीकरण भएर जाने छन् ।

## टिकटकको प्रयोगउपर बन्देज गर्न किन उचित छ ?

सदुपयोग ज्यादा र दुरूपयोग अपवाद हुने देशहरूमा सामाजिक सञ्जालको सुसञ्चालन हुँदा नागरिकहरू बलिया हुने र सरकार जवाफदेही हुने विश्वास गरिँदो रहेछ । कतिपय त्यस्ता देशमा सामाजिक सञ्जाल प्लेटफर्महरू पनि स्वदेशी रहेछन् वा स्वदेशी एजेन्टको नियन्त्रणमा रहँदा रहेछन् । यी दुवै विषय हाम्रो देशको सन्दर्भमा भने मेल खाएको देखिएन । त्यसकारण पनि अनियन्त्रित प्रयोगलाई नियन्त्रण गर्ने बाध्यता आइपऱ्यो । के-कस्ता कारणले टिकटकलाई प्रतिबन्ध लगाउनुपऱ्यो भन्ने सम्बन्धमा जानकारीमा आएका विषयवस्तुका आधारमा विश्लेषण गर्दा खासगरी पछिल्लो अवधिमा टिकटकको माध्यमबाट प्रसारित सामग्रीहरू छाडा प्रकृतिका र व्यक्ति परिवार र समाजमा गलत सन्देश दिने खालका र समयको बर्बादीलाई बढाउने प्रकृतिको भएका, सामाजिक सद्भाव भड्काएको दाबी गर्दै टिकटक बन्द गर्नुपर्ने सम्बन्धमा निवेदनहरू प्राप्त भएका छन् । सामाजिक सञ्जाल प्रयोगकर्ता व्यक्ति वा समूहबाट कतिपय सन्दर्भमा नेपाल र नेपालीको मानमर्दन हुने खालका शब्दहरू समेत प्रयोग हुने गरेको पाइयो । स्वतन्त्रताको अगुवा देश अमेरिकाका ५० मध्ये ४० राज्यमा कुनै न कुनै किसिमको प्रतिबन्ध लागेको, छिमेकी देश भारतमासमेत प्रतिबन्धित छ । अझ चाखलाग्दो कुरा त के भने यसको सुरुआत भएको चीनमासमेत नियन्त्रित प्रयोगमात्र छ । अश्लीलता, मानव बेचविखन, गलत सूचना अफवाह प्रवाह, राष्ट्रिय सुरक्षा, युवाहरूको मानसिक स्वास्थ्यलगायतका कारण देखाउँदै हालसम्म नेपालसहित २८ देशमा टिकटक प्रतिबन्धित रहेको कुरा लुकेको छैन ।

उत्पादनशील समय खर्च गरेर अधिकांश युवाहरू भुल्ने हुँदा पनि नेपालको अर्थतन्त्रमा प्रत्यक्षरूपमा योगदान गर्ने अवस्था देखिँदैन । जातजाति, परम्परा, सामाजिक सद्भाव र लामो समयदेखि कायम रहेको धार्मिक सहिष्णुतामा आँच आउने खालका अभिव्यक्ति, श्रव्य वा श्रव्यदृश्यको प्रयोग भइरहेको छिपेको छैन । अर्कोतर्फ सम्पादकीय जिम्मेवारीसहित सञ्चालन हुने परम्परागत र स्थापित मिडियाहरूको प्रयोग र कारोबारमा भारी गिरावट आएको छ ।

भनिन्छ कि फेक एकाउन्ट खोलेर जसले जसलाई जे पनि गर्न सक्ने र बदनाम गराउने सामग्रीलाई स्वतः हटाउने कुनै संयन्त्र टिकटकमा छैन । टिकटकले प्रयोगकर्ताको रुचिअनुसारका अन्तहीन भिडियोहरू मोबाइलका स्क्रिनमा आउने गरी 'एलगोरिदम सेट' गरेको हुनाले घण्टौंसम्म यसलाई चलाउने लतमा संसारभर रहेको अनुसन्धानले देखाएका छन् । यसले आमरूपमा अनिद्रा, एन्जाइटी, डिप्रेसनजस्ता मानसिक रोगको प्रकोप नै निम्त्याएको मनोविद्हरू बताउँछन् । मनोचिकित्सक करुणा कुँवरका अनुसार कुनै पनि लत लाग्नु भनेको मस्तिष्कका लागि कडा लागुऔषधको लत लाग्नुसरह नै खतरनाक हुन्छ । दुर्भाग्यवश ठूलो संख्यामा हामीकहाँ पनि मानिसहरूमा टिकटकको लत लागेको देखिन्छ । यसले सोच्नै नसकिने मानसिक समस्याहरू निम्त्याइरहेको छ ।

## निष्कर्ष

चरम उदारवादको र प्रविधिको स्वच्छन्द प्रयोगकर्ता हुने वा विवेकपूर्ण र उत्पादक उपयोग गर्ने भन्ने कुराको फैसला गर्ने हामीले नै हो । टिकटकको अराजक तथा मनमौजी प्रयोगले जे जति घाटा नेपाली समाजलाई भयो त्यसको गणना वा मापन गर्न सजिलो छैन । अभिव्यक्ति स्वतन्त्रताको नाममा जे पनि जसरी पनि गर्न पाइने भन्ने व्याख्या हुने हो भने अब लोकतन्त्रको विश्वसनीयताउपर पनि प्रश्न तेर्सिन सक्छ । सबै सामाजिक सञ्जालहरूको प्रयोग मर्यादित र कानुनसम्मत हुनुपर्दछ । राज्यले गरेको आग्रह नागरिकले र व्यवसायीले समेत अनुसरण गर्नुपर्दछ । यसमा सबैको साझा अभिमत आवश्यक छ । *रासस*

***(लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव हुन्)***

# चाडपर्वपछि सुनसान भए गाउँबस्ती

**गलेश्वर (म्याग्दी)–** हेमन्त ऋतुको सुरुआतसँगै आकाश छ्यांगै उघ्रिएको छ । पारिलो घामको स्पर्शले कलकलाउँदो प्रकृतिमा नयाँ रौनक थपिएको छ । उत्तरपट्टि सेता हिमाल अत्यन्त मनमोहक देखिन थालेका छन् । पर्यटकीयस्थलमा पर्यटकहरू रमाइरहेका भए पनि म्याग्दीका गाउँबस्तीहरू भने सुनसान भएका छन् ।

दसैं-तिहारजस्ता चाडपर्व मनाउन लामो बिदामा गाउँ आएकाहरू आ-आफ्नो कार्यक्षेत्रतिर फर्किएपछि गाउँबस्ती सुनसान देखिएका हुन् । अध्ययन, रोजगार तथा विभिन्न कामले बजार क्षेत्रमा बस्दै आएका दसैं-तिहार मनाउन गाउँ आएका थिए । चाडपर्व सकिएलगत्तै गाउँ आएका धमाधम बजार झर्न थालेपछि गाउँ सुनसान बन्न थालेका मंगला गाउँपालिका-५ छिसबाङका विकल सेनले बताए ।

'केही दिन गाउँघरमा निकै रमाइलो भयो । देश विदेशमा रहेका आफन्तहरूसँग भेटघाट, रमाइलोले दिनहरू बितेको पत्तै भएन,' उनले भने, 'चाडपर्व सकिएसँगै गाउँ आएकाहरू आ-आफ्नो कार्यक्षेत्रमा फर्किन थाले । हेर्दाहेर्दै त्यति रमाइलो गाउँ फेरि सुनसान र विरक्तलाग्दो हुन थालेको छ ।'

म्याग्दीका छ वटै स्थानीय तहका ग्रामीण क्षेत्रमा धान, कोदो थन्क्याएर गहुँ छर्ने, आलु रोप्ने याम सुरु भएको छ । अहिले गाउँमा मानिसहरू अत्यन्त कम छन् । कृषिमा जनशक्तिको अभाव भएपछि जमिन बाँझै राख्न किसान बाध्य छन् । मालिका गाउँपालिका-६ की देवी घर्तीले भनिन्, 'दसैं-तिहारको बेला गाउँमा जत्तिको रमाइलो कही भएन । चाडपर्व सकिएसँगै गाउँ खाली हुन थालेको छ । अहिले गाउँमा युवा पुस्तालाई देख्नै मुस्किल पर्छ । बूढाबूढी र विद्यालय जाने उमेरका बालबालिकाबाहेक अरू गाउँमा देखिँदैनन् ।'

मालिका गाउँपालिकाका योजना अधिकृत सोमबहादुर केसीका अनुसार यहाँका ग्रामीण क्षेत्रका अधिकांश मानिस, पोखरा, काठमाडौं, बुटवल, चितवन, बेनीलगायत ठूला सहरमा बसाइँसराइ गरेर गएका छन् । 'युवाहरू विदेश छन् । हिजोआज गाउँमा बस्नेको संख्या निकै कम हुँदै गएको छ,' उनले भने ।

अहिले सहरको सेवा सुविधा विस्तारै गाउँमा पनि पुग्न थालेको छ । सबै गाउँमा यातायातको पहुँच छ । शिक्षा, स्वास्थ्य र सञ्चारको पनि राम्रो सुविधा गाउँमा भए पनि युवा पुस्ता सहर केन्द्रित हुन थालेपछि विकास र सुविधाको उपयोग गर्नेहरूसमेत नपाइने अवस्था उत्पन्न हुन थालेको मालिका-२ की मीना पुनले बताइन् । 'गाउँमा पुगेको सेवासुविधाभन्दा थप सेवासुविधा खोज्दै अधिकांश बजार झर्दा गाउँमा बूढापाका र बालबालिका मात्रै छन्,' उनले भनिन्, 'बिस्तारै गाउँ रित्तिँदै जान थालेको छ । दसैं-तिहारजस्ता ठूला चाडपर्वमा केही दिन रमाइलो हुन्छ, त्यसपछि फेरि गाउँबस्ती सुनसान हुन थालेका छन् ।'

चाडपर्वले अपनत्वको बोध गराउने हुँदा सबै मानिसहरू आफ्नै जस्ता लाग्ने पुनको भनाइ थियो । वर्षौंदेखि टाढा रहेका आफन्तसँगको मिलन निकै रमाइलो हुने उनले बताइन् । 'दसैंको फूलपातीको दिनदेखि तिहारको भोलिपल्टसम्म गाउँघरमा जता गए पनि आफन्त भेटिन्थे । तिहार सकिएपछि वरपरका छरछिमेकी सबै बजार झरे, दसैं-तिहार मनाउन विदेशबाट बिदा लिएर आएकाहरू पनि फर्किए । त्यसपछि गाउँबस्ती सुनसान हुन थालेको छन्,' दरबाङका मीन सुनारले भने ।

पश्चिम म्याग्दीका धेरैजसो ठाउँबाट सहर र तराई झर्नेको संख्या धेरै रहेको स्थानीय स्थानीय रणबहादुर सिउथानीले बताए । 'बसाइँसराइ गरेर तराई झरेकाहरू दसैं-तिहार र कूल पूजाका लागि गाउँ उक्लिने गर्छन्,' उनले भने, 'दसैं-तिहारभरि गाउँमा चहलपहल भए पनि अहिले घरहरू खाली हुँदै गएका छन् ।' गाउँमा रोजगारको राम्रो अवसर र सेवासुविधा नहुँदा धेरैले सहर बजार र सुविधा सम्पन्न ठाउँ खोज्ने सिउथानीको भनाइ छ ।

एक दशक अगाडिसम्म मालिका-५ देवीस्थान गाउँमा खेतीपाती गरेरै जीवन निर्वाह गर्ने धेरै हुने गरेकामा अचेल हुने खानेहरू सबै बजार झर्न थालेका देवीस्थानका पदम बुढाले बताए । धेरैको रोजाइ सहर हुँदा गाउँका खेतीयोग्य जमिन वनमाराको झाडीमा परिणत हुँदै गएकोप्रति उनले चिन्ता व्यक्त गरे । *रासस*

# उपल्लो मुस्ताङलाई निषेधित क्षेत्रबाट हटाउन माग

**म्याग्दी–** मुस्ताङको तीनवटा स्थानीय तहले आफ्नो भूगोललाई निषेधित क्षेत्रबाट हटाउन माग गरेका छन् । लोमान्थाङ, लोघेकर दामोदरकुण्डको सबै र वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ लाई सरकारले निषेधित क्षेत्र तोकेको छ ।

निषेधित क्षेत्रमा बढी शुल्क तिर्नुपर्ने हुँदा पर्यटक आगमन बढ्न नसक्दा स्थानीयको जनजीवन तथा आर्थिक गतिविधि प्रभावित भएकाले निषेधित क्षेत्र हटाउन माग गरिएको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले बताए । 'उपल्लो मुस्ताङलाई निषेधित क्षेत्र कायम राख्न पर्यटक आगमनमा कमी भई यहाँको पर्यटन व्यवसाय प्रभावित भएको छ,' उनले भने, 'शुल्कसमेत अत्यधिक बढी भएकाले उक्त निषेधित क्षेत्रलाई हटाउन माग गरेका हौं ।'

प्रधानमन्त्री पुष्पकमल दाहाल, गृहमन्त्री नारायणकाजी श्रेष्ठ, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे र वन तथा वातावरणमन्त्री डा. वीरेन्द्रकुमार महतोसँग तीन स्थानीय तहका अध्यक्षले निषेधित क्षेत्र हटाउनका लागि स्थानीयवासी, होटल व्यवसायी र गाउँपालिकाको निर्णयसहितको निवेदन बुझाएको अध्यक्ष गुरुङले जानकारी दिए । उनका अनुसार गत असोज र कात्तिकमा उनीहरू मुस्ताङ आएका समयमा ज्ञापनपत्र बुझाइएको हो ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)मा समेटिएको उपल्लो मुस्ताङ भ्रमण गर्न विदेशी पर्यटकले १० दिनका लागि ५०० अमेरिकी डलर शुल्क तिर्नुपर्छ । दश दिनभन्दा बढी भ्रमण गर्न प्रतिदिन ५० रूपैयाँका दरले शुल्क तिर्नुपर्ने नियम छ । मुस्ताङका साथै मनाङ र गोरखाका केही भूगोललाई सरकारले निषेधित क्षेत्र घोषणा गरेको छ ।

निषेधित क्षेत्र कायम गरेका कारण विदेशीहरू सजिलै छिर्न नपाउने र स्थानीयको आर्थिक उपार्जनमा समस्या भएको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन गुरुङले बताए । आर्थिक वर्ष २०७९/८० मा मुस्ताङमा ७१ हजार ७०७ जना विदेशी पर्यटक आएकामा अर्धनिषेधित क्षेत्रका रूपमा रहेको उपल्लो मुस्ताङमा तीन हजार ३८८ पर्यटकले भ्रमण गरेका अन्नपूर्ण संरक्षण क्षेत्र व्यवस्थापन आयोजनाले जनाएको छ ।

सन् २०२३ को नौ महिनाको अवधिमा पनि उपल्लो मुस्ताङ भ्रमण गर्ने पर्यटकको संख्या तीन हजारभन्दा बढी रहेको एक्याप जोमसोमले जनाएको छ । चीनको स्वशासित क्षेत्र तिब्बतको सीमा क्षेत्रमा रहेको उपल्लो मुस्ताङलाई सरकारले अर्धनिषेधित क्षेत्र घोषणा गरेको छ । सरकारले सन् १९९२ मा उपल्लो मुस्ताङमा पर्यटकलाई भ्रमणका लागि खुला गरेको थियो ।

सबै वर्ग र आर्थिक हैसियतका पर्यटकका लागि अनुकूल हुने किसिमको शुल्क निर्धारण र प्रक्रिया बनाउन आवश्यक रहेको गण्डकी प्रदेशसभा सदस्य विकल शेरचनले बताए । कलात्मक पहाड, उजाड मरुभूमिजस्तै भूगोल, माटोले बनाइएका घर, हिमाली जीवनशैली, पुरानो तिब्बती संस्कृति, ऐतिहासिक महत्त्वका दरबार, गुम्बा, छ्योर्तेन, कोरला नाका उपल्लो मुस्ताङका आकर्षण हुन् । *रासस*

# अस्थायी संरचनाबाट प्रशासन सेवा

**जाजरकोट–** बारेकोट गाउँपालिका-१ रामीडाँडा केन्द्रबिन्दु बनाएर कात्तिक १७ गते राति गएको भूकम्पले ऐतिहासिक जाजरकोट दरबारमा पनि क्षति बनाएपछि यहाँ सञ्चालनमा रहेको जिल्ला प्रशासन कार्यालय अस्थायी संरचना बनाएर सञ्चालन गरिएको छ ।

शुक्रबारदेखि अस्थायी संरचनाबाट सेवा प्रवाह हुन थालेको प्रमुख जिल्ला अधिकारी सुरेश सुनारले जानकारी दिए । प्रशासन कार्यालय रहेको सेतो दरबार २२८ वर्ष पुरानो र रातो दरबार २७५ वर्ष पुरानो थियो । तीन पटकसम्म भूकम्प खेपेका यी दरबार यो पटक भने बस्नै नमिल्ने अवस्थामा पुगेका छन् ।

उक्त कार्यालयले खुला चौरमा त्रिपाल (डिब्बा) राखेर दैनिक सरकारी सेवा दिन थालेको उनले बताए । नागरिकता, राहदानी, तथा अन्य विभिन्न सिफारिसदेखि अन्य काम यिनै डिब्बाबाट भइरहेको छ । कूल ४९ घर परिवारका ७७ मृतकका परिवारलाई विपद् व्यवस्थापन कोषबाट एक करोड २७ लाख रूपैयाँ राहत स्वरूप दिइएको छ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KIRKMGHANI

पूर्व स्वीकृति मिति २०७८/१२/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/०६ | LT. No. 260508 | चलानी नं. ६०१७६७७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooker | 7 | 0 | 1500 | ५०,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Gen Clean Worker | 2 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 3 | Juice Maker | 1 | 0 | 1200 | ४०,३२५ | | | | | | | |
| 4 | Labourer | 3 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 5 | Supervisor | 1 | 0 | 2500 | ८४,०१० | | | | | | | |
| 6 | Waiter | 2 | 0 | 1400 | ४७,०४५ | | | | | | | |

कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL

पूर्व स्वीकृति मिति २०८०/०४/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/०६ | LT. No. 289954 | चलानी नं. ६०२०५२५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Admin Director | 0 | 1 | 6000 | २१६,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 3 | Cashier | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 4 | Electrician | 3 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 5 | Foreman | 1 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 6 | General Clean Worker | 15 | 24 | 1000 | ३६,३१० | | | | | | | |
| 7 | Helper | 1 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 8 | Labour | 10 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 9 | Manager Variety | 1 | 0 | 6000 | २१६,०५० | | | | | | | |
| 10 | Mason | 4 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 11 | Painter | 2 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 12 | Plaster Worker | 5 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 13 | Plumber | 1 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 14 | Receptionist | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 15 | Salesman | 1 | 0 | 1700 | ६१,२१५ | | | | | | | |
| 16 | Supervisior | 11 | 1 | 2500 | ९०,०२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १४ गते (30th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

**JALAJALA RECRUITMENT PVT.LTD**

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
Mobile No. 9849007152, 9842695111, E-mail: jalajalarecru2017@gmail.com



## युएई/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL WASEM CLEANING SERVICES & GENERAL MAINT. CONT.

पूर्व स्वीकृति मिति: २०८०/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/०६ | LT. No.288378 | चलानी नं. ६०२०३५८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Worker | 5 | 0 | 1000 | ३५,७१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Commercial Sales Representative | 4 | 0 | 2100 | ७४,९९० | | | | | | | |
| 3 | Purchasing Representative | 2 | 0 | 2100 | ७४,९९० | | | | | | | |
| 4 | Tile Polisher | 1 | 0 | 1300 | ४६,४२० | | | | | | | |

कम्पनी : AHMED HUSSAIN AL SHAHI CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८०/०३/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/०६ | LT. No. 287918 | चलानी नं. ६०२०३३६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Maintenance Mechanic Technbician | 1 | 0 | 1800 | ६२,९१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Plumber | 1 | 0 | 1500 | ५२,४३० | | | | | | | |
| 3 | Pipe Fitter | 1 | 0 | 1500 | ५२,४३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १४ गते (30th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET — श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HANG TUAH FURNITURE SDN BHD | शहर : Negeri, Sembilan | पुन विज्ञापन

पूर्व स्वीकृति मिति : २०२२/०७/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०२३/११/२२ | LT. No. 267886 | चलानी नं. ६०१८३७८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturings | 30 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १४ गते (30th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि: शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)**

श्रम ईजाजत नं. १२७५/०७४/७५

Sallaghari Marg, Bansbari, Kathmandu
Tel:-+977 4372262, 4375012
Email:-skypower.rec@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DEVA NATIONAL HEALTH INSTITUTE FOR WOMEN

पूर्व स्वीकृति मिति २०८०/०२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/०६ | LT. No. 287306 | चलानी नं. ६०२०२६४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 22 | 100 | ४२,९४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Supervisor | 0 | 2 | 130 | ५५,८२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १४ गते (30th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL — Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALANDLOS CONTRACTING CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८०/०८/०५ | LT. No. 295298 | चलानी नं. ६०२१०३१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 7 | 0 | 1000 | ३६,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrician | 7 | 0 | 1000 | ३६,३८५ | | | | | | | |
| 3 | Helper | 15 | 0 | 800 | २९,११० | | | | | | | |
| 4 | Mason | 7 | 0 | 1000 | ३६,३८५ | | | | | | | |
| 5 | Plumber | 7 | 0 | 1000 | ३६,३८५ | | | | | | | |
| 6 | Steel Fixture | 7 | 0 | 1000 | ३६,३८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १४ गते (30th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068

Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4955765
Mobile: 9842381591, 9860684532



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : IRP MANUFACTURING (M) SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०८/०५ | LT. No. : 295242 | चलानी नं.: ६०२१०२९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १४ गते (30th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 128/055/56

**Kasturi International Service Pvt. Ltd.**

Baluwatar, Maharajgunj, Kathmandu, Nepal, Tel: +97714539647, +97714541458
E-mail:-kasturi128@hotmail.com. Web: www.kasturiint.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FALCON EYE SECURITY SDN.BHD.

पूर्व स्वीकृति मिति : २०८०/०८/०५ | LT. No. 295267 | चलानी नं. ६०२१०३०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 15 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २० र २१ गते (6/7th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No: 332/059/060

**Jassim Trading And Services Pvt. Ltd.**


G.P.O Box : 8974, Airport Road, Kathmandu, Nepal
Tel.: 01-4568845, 9805678135, 9805678136
Email: jassimtrd@gmail.com, Website: www.jassim.com.np

प्रभाव दैनिक

रूपशाला

## श्वेता खड्कालाई पितृशोक

अभिनेत्री श्वेता खड्कालाई पितृशोक परेको छ। उनका बुवा ओतबहादुर खड्काको मंगलबार साँझ वनस्थलीस्थित आफ्नै निवासमा निधन भएको हो। ओतबहादुर १०१ वर्षका थिए। पूर्व सैनिक समेत रहेका ओतबहादुरको मंगलबारनै पशुपति आर्यघाटमा अन्तिम संस्कार गरिएको छ।



बिहीबार, ७ मंसिर २०८० (Thursday, November 23, 2023)

# सेन्सर बोर्डलाई मेयर बालेनको सुझाव

■ प्रभाव संवाददाता



**काठमाडौं–** काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र (बालेन) शाहले चलचित्र सेन्सर बोर्डलाई एक पत्र लेखेका छन्। मेयर बालेनले महानगरको तर्फबाट नेपालको स्वाधीनता र स्वाभिमानमा आँच आउने संवाद र दृश्य प्रसारणमा रोक लगाउन अनुरोध गर्दै पत्र लेखेका हुन्।

'चलचित्र विकास बोर्ड अन्तर्गत रहेको चलचित्र जाँच समितिले 'चलचित्र (निर्माण, प्रदर्शन र वितरण) ऐन २०२६' को दफा ७ को उपदफा (३) बमोजिम 'चलचित्र जाँच समितिको कार्यविधि, २०७४' कार्यान्वयनमा ल्याइ चलचित्र जाँच सम्बन्धी कार्यलाई एकरूपता दिई जबाफदेही र पारदर्शी बनाउने कार्यलाई निरन्तरता दिइरहेको छ', पत्रमा अगाडि भनिएको छ, 'यस निकायले गर्दै आएको कार्यले चलचित्रबाट समाजमा पर्ने नकारात्मक प्रभाव कम गर्नको लागि गरेको कामको लागि म व्यक्तिगत तर्फ र यस महानगरपालिकाको तर्फबाट धन्यवाद दिन चाहन्छु।'

बालेनले चलचित्रले समाजमा पार्ने सकारात्मक प्रभाव उल्लेखनीय रहेको भन्दै चलचित्रको निर्माण तथा प्रदर्शनमा महानगरको सकारात्मक साथ रहने समेत बताएका छन्। उनले बोर्डलाई ४ बुँदे सुझाव समेत दिएका छन्।

# सुवेदी निर्देशित 'रंगेली'को पोस्टर सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** अर्जुन सुवेदीले निर्देशन गरेको फिल्म 'रंगेली' को पोस्टर सार्वजनिक भएको छ। सार्वजनिक पोस्टरमा अभिनेत्री मिरूना मगरलाई प्रस्तुत गरिएको छ।

फिल्ममा अभिनेत्री मिरूनाले जुनकिरी पात्रको भूमिका निर्वाह गरेकी छन्। निर्माण टिमले उनलाई जुनकिरीको रूपमा परिचित गराउँदै पोस्टर सार्वजनिक गरेका हुन्।

फिल्मका निर्देशक सुवेदीले मिरूनाले अहिलेसम्म अभिनय गरेको भन्दा भिन्न चरित्र निर्वाह गरेको कारण दर्शकलाई थप चासो हुने विश्वास व्यक्त गरे। सुवेदीकै लेखन रहेको फिल्ममा मिरूनासँगै दयाहाङ राई, अर्पण थापा, प्रविण खतिवडा, रमेश बुढाथोकीलगायत कलाकारको अभिनय छ। फिल्मलाई सुशन प्रजापतिले छायांकन गरेका छन्।

संसार चौलागाईं र रमेश भट्टराई निर्माता रहेको फिल्ममा युवक कार्की र शिव शंकर चौलागाईं सह-निर्माता छन्। फिल्मका कार्यकारी निर्माता जितेन्द्र खतिवडा र अनुजजंग थापा हुन्। यो फिल्म अस्ट्रेलिया र अमेरिकामा प्रिमियर हुने बताइएको छ। जापान, कोरिया र हङकङमा उज्ज्वल गुरागाईं र युएनए इन्टरटेन्मेन्ट, अमेरिकामा एक्का बास्सा इन्टरटेन्मेन्ट र लाइभ एट प्रिजेन्ट तथा अस्ट्रेलियामा हट बिट्स इभेन्टसले फिल्म रिलिज गर्दैछन्।

# दधिराज सुवेदी पुरस्कार कथाकार श्रेष्ठ र पत्रकार झालाई

■ प्रभाव संवाददाता

**काठमाडौं–** दधिराज सुवेदी पुरस्कार प्रतिष्ठान विराटनगरले प्रत्येक वर्ष प्रदान गर्ने 'दधिराज सुवेदी राष्ट्रिय भाषा साहित्य पुरस्कार-२०८० ' वरिष्ठ कथाकार तथा आख्यानकार भागिरथी श्रेष्ठलाई प्रदान गरिने भएको छ। त्यस्तै, 'दधिराज सुवेदी राष्ट्रिय पत्रकारिता पुरस्कार-२०८० ' वरिष्ठ पत्रकार धर्मेन्द्र झालाई प्रदान गरिने प्रतिष्ठानले जनाएको छ।

प्रतिष्ठानको बैठकले राष्ट्रिय भाषा साहित्यतर्फ श्रेष्ठलाई र राष्ट्रिय पत्रकारितातर्फको पुरस्कार झालाई प्रदान गर्ने निर्णय गरेको प्रतिष्ठानका महासचिव दिङ्लाली कान्छोले जानकारी दिए। उनका अनुसार प्रतिष्ठानले प्रत्येक वर्ष प्रदान गर्दै आएको दुवै पुरस्कारको राशि क्रमशः रू ५१ हजार र रू २५ हजार तथा प्रमाणपत्र रहेको छ। नेपाली साहित्यको आख्यान विधामा पाँच दशकभन्दा बढी समयदेखि दिइएको योगदानका लागि साहित्यकार श्रेष्ठलाई र पत्रकारिताको क्षेत्रमा चार दशकभन्दा बढी समयदेखि योगदान पुऱ्याउँदै आएका वरिष्ठ पत्रकार झालाई उक्त पुरस्कार प्रदान गर्ने निर्णय गरिएको प्रतिष्ठानका अध्यक्ष विवश पोखरेलले जानकारी दिए।





उक्त पुरस्कार यसअघि भाषा साहित्य पुरस्कारबाट, साहित्यकारहरू क्रमशः प्राडा गोविन्दराज भट्टराई, प्राडा अभि सुवेदी, प्राडा माधवप्रसाद पोखरेल, डा विष्णुविभु घिमिरे, शंकरप्रसाद कोइराला, प्राडा चूडामणि बन्धु र सनत रेग्मीलाई र पत्रकारिता पुरस्कारबाट पत्रकारहरू क्रमशः हरिबहादुर थापा, शिवबहादुर कार्की, हरिहर विरही, मोहन भण्डारी, किशोर नेपाल, भूषण दाहाल र अनन्तराज न्यौपानेलाई प्रदान गरिसकिएको प्रतिष्ठानले जनाएको छ। समालोचक प्राज्ञ दधिराज सुवेदीका छोराद्वय शरदराज सुवेदी र रूपकराज सुवेदीले राखेको रू १५ लाखको अक्षयकोषको ब्याजबाट प्रत्येक वर्ष उक्त पुरस्कार प्रदान गरिँदै आइएको छ। उक्त पुरस्कार विसं २०७३ देखि नियमित प्रदान गरिँदै आइएको प्रतिष्ठानले जनाएको छ।

# अन्तर्राष्ट्रिय महिला चलचित्र महोत्सव हुँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय तथा अन्तर ाष्ट्रिय रेडियो र टेलिभिजनमा आबद्ध महिला पत्रकारको छाता संस्था 'इन्टरनेसनल एसोसिएसन अफ वमन इन रेडियो एन्ड टेलिभिजन (आइर्वाट)'ले अन्तर ाष्ट्रिय महिला चलचित्र महोत्सव' आयोजना गर्ने भएको छ।

महिला निर्देशकहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले यही मङ्सिर ९ गते महोत्सवको तेस्रो संस्करण आयोजना गर्न लागिएको महोत्सवका निर्देशक सङ्गीता श्रेष्ठले जानकारी दिइन्। 'चलचित्र क्षेत्रलाई आफ्नो रचनात्मक सिर्जनाबाट संसारभरि चिनाउन सक्ने सशक्त महिला निर्देशक हामी कहाँ छन्। तर सामाजिक दृष्टिकोण, कम प्राथमिकता र अवसर तथा प्रोत्साहनको कमीले यो क्षेत्रमा महिला निर्देशकको उपस्थिति कम देखिन्छ। यस्ता महोत्सव उहाँहरूलाई उपयोगी हुनाका साथै अवसर हुन् सक्छन्,' उनले भनिन्।

आइर्वाटका नेपाल च्याप्टरका अध्यक्ष इच्छा गुरुङले महोत्सवको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिइन्। नेपाल चलचित्र विकास बोर्डको सभाहलमा महोत्सव आयोजना गरिने छ। महोत्सवमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महिला चलचित्र निर्देशकको सहभागिता जनाउने तथा नेपाललगायत विभिन्न देशका महिला निर्देशकले निर्देशन गरेका चलचित्र प्रदर्शन गरिने छन्। महोत्सवमा नेपाली लघुचलचित्र प्रतिस्पर्धाका विजेतालाई 'अवार्ड' प्रदान गरिने छ।



एनएसएल फुटबल

# एनएसएल दोस्रो संस्करण भोलिदेखि

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल सुपर लिग (एनएसएल) को आयोजकले शुक्रबारदेखि सुरु हुने दोस्रो संस्करणमा उत्कृष्ट फुटबल देखाउँदै नेपाली फुटबल एक पटक फेरि दर्शकको उपस्थितिलाई बाक्लो बनाउने लक्ष्य रहेको बताएको छ।

नेपाली फुटबलको पहिलो फ्रेन्चाइज प्रतिष्पर्धा एनएसएलको दोस्रो संस्करणमा आगामी शुक्रबारदेखि सुरु हुँदैछ। दोस्रो संस्करणदेखि ९ वटा फ्रेन्चाइज टोलीले चुनौती प्रस्तुत गर्ने तय छ।

बुधबार एनएसएलको आयोजकले काठमाडौंमा पत्रकार सम्मेलन आयोजना गर्दै दोस्रो संस्करणलाई उच्च स्तरमा आयोजनामा लैजान प्रयत्न गर्ने बताएको छ। एनएसलको पहिलो आयोजना दुई वर्ष सम्पन्न भएको थियो। कोरोना महामारीका कारण पहिलो संस्करण बन्द रंगशालाबीच सम्पन्न हुन पुग्यो।

त्यसैले दोस्रो संस्करणमा नेपालीलाई समर्थकलाई घरेलु फुटबलमा नयाँ अनुभूति दिने प्रयास गर्ने आयोजकको विश्वास छ। एनएसएलको आयोजक नेपाल स्पोर्ट्स एन्ड इभेन्ट्स म्यानेजमेन्ट (एनएसइएम) का निर्देशक श्रेयन्स कार्कीले ठूलो आर्थिक चुनौतीकाबीच पनि फ्रेन्चाइज टोलीहरूको सहयोग र आम समर्थकको चासोका कारण दोस्रो संस्करणलाई भव्य बनाउने बताए। उनले एनएसएल नेपाली फुटबलको शीर्ष डिभिजन सहिद स्मारक लिगको प्रतिष्पर्धी नभएको उल्लेख गर्दै यो आयोजनाबाट नेपाली फुटबललाई नयाँस्तरमा लैजान मद्दत पुऱ्याउने उद्देश्य रहेको धारणा राखे।

पहिलो संस्करणमा सात फ्रेन्चाइज टोलीले प्रतिष्पर्धा गरेका थिए। दोस्रो संस्करणमा तीन नयाँ टोली थपिएको छ। तर, पहिलो संस्करण खेलेको विराटनगर सिटी एफसीले दोस्रो संस्करणबाट हात झिकेको छ। त्यसैले एनएसएलमा फ्रेन्चाइज टोली अस्थिरबारे निर्देशक कार्कीले व्यक्तिगत कारणले त्यस्तो हुन गएको पनि स्पष्ट पारेका छन्।

नेपाल स्पोर्ट्स एन्ड इभेन्ट्स म्यानेजमेन्टकी अध्यक्ष आश्रेयता कार्की चौधरीले एनएसएललाई नेपाली फुटबल विकासको सारथिका रूपमा अगाडि बढाउने उद्देश्यअनुरूप आयोजना गरिएको उल्लेख गरिन्। यस सस्करणमा दर्शकको उपस्थिति बढाउने आयोजकले आकर्षक रूपमा आयोजना गर्ने उद्घोष गरेको छ। इङ्लिस फुटबल लिग चेल्सीका लिजेन्ड डिडियर ड्रोग्बालाई दोस्रो संस्करणको दौरान नेपालमा ल्याउने आयोजकले जनाएको छ। साथै फुटबलका अन्य हस्तीलाई पनि ल्याउने आयोजकले उल्लेख गरेको छ।

यस संस्करणमा भारतका तीन जना रेफ्रीको पनि सहभागिता रहने भएको छ। यस पटक इलाम स्पोर्टिङ, झापा एफसी र वीरगञ्ज युनाइटेडले पहिलो पटक फ्रेन्चाइज लिग खेल्दैछन्। गत संस्करणको टोली काठमाडौं रेजर्स, ललितपुर सिटी एफसी, एफसी चितवन, पोखरा थन्डर्स, बुटवल लुम्बिनी एफसी र धनगढी एफसीले दोस्रो संस्करणमा पनि चुनौती प्रस्तुत गर्दैछन्। बुधबार नै भएको पत्रकार सम्मेलनमा अधिकांश टोलीले छोटो समयको तयारीका बाबजुद उत्कृष्ट फुटबल प्रदर्शन गर्ने उल्लेख गरेका छन्।

पहिलो संस्करणमा काठमाडौं रेजर्सले उपाधि जितेको थियो। यस पटक ९ टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्दैछन्। आयोजकले उपाधि विजेताका लागि अहिलेसम्म पुरस्कार तय नभएको पनि उल्लेख गरेको छ। यद्यपि, ७५ लाख रूपैयाँ नगद पुरस्कार या त्यो भन्दा पनि बढी हुन सक्ने आयोजक एनएसइएमका निर्देशक कार्कीले बताए। कुल ४० वटा खेल नै दशरथ रंगशालामा हुनेछन्। राम्रो मैदानको अभाव रंगशालमा नै सबै खेल खेलाउन बाध्य भएको आयोजकले जनाएको छ।

सूर्य नेपाल सेन्ट्रल ओपन

# तेस्रो दिन पनि सद्भाव शीर्षस्थानमा

■ प्रभाव संवाददाता




**काठमाडौं–** सूर्य नेपाल सेन्ट्रल ओपनको तेस्रो दिन बुधबार राष्ट्रिय टिमका एमेच्योर गल्फर सद्भाव आचार्य ४ स्ट्रोकको अग्रता सहित शीर्षस्थानमा कायमै रहन सफल भएका छन्।

गोकर्ण गल्फ क्लबमा सद्भावले बुधबार ४-अन्डर ६८ स्कोर गर्दै समग्रमा १४-अन्डर २ सय २ सहित प्रोफेसनल गल्फर दिनेश प्रजापतिलाई ४ स्ट्रोकले पछि पारे। चार स्ट्रोकको अग्रतामा सदभावले उपाधि जित्ने सम्भावना बलियो बनाएका छन्। दिनेशले ३-अन्डर ६९ अंक जोड्दा समग्रमा १०-अन्डर २ सय ६ सहित दोस्रो स्थानमा कायमै रहेका छन्। उनी प्रोफेसनलतर्फ भने सबैभन्दा अगाडि रहेका छन्।

समग्रमा ७-अन्डर ३ सय ९ को सानदार स्कोरमा भुवन नगरकोटी तेस्रो स्थानमा उक्लिए। भुवनले दिनकै उत्कृष्ट स्कोर कार्ड बनाउने क्रममा ७-अण्डर ६५ खेले।

सञ्जय लामा र जयराम श्रेष्ठ संयुक्तरूपमा चौथो स्थानमा रहेका छन्। आज सञ्जयले ३-अन्डर ६९ र जयरामले ३-ओभर ७५ को प्रदर्शन गरे। धन बहादुर थापा र एमेच्योर खेलाडी टासी छिरिङ समग्रमा इभन-पार २ सय १६ सहित संयुक्तरूपमा छैटौं स्थानमा रहे। धनले १-ओभर ७३ र टासीले २-ओभर ७४ स्कोर गरे।

१-ओभर ७३ अंक बनाएका नीरज तामाङ समग्रमा २-ओभर २ सय १८ सहित आठौं स्थानमा रहेका छन्। यस्तै समग्रमा ४-ओभर २ सय २० सहित रबि खड्का र प्रदीप कुमार लामा संयुक्तरूपमा नवौं स्थान बाँडे। रबिले इभन-पार ७२ र प्रदीप कुमार लामाले २-ओभर ७४ को स्कोर गरे।

यो प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरिरहेका सदभावले बुधबार पनि लोभलाग्दो सुरुवात गरे। दोस्रो देखि पाँचौं होलमा लगातार चार बर्डी प्रहार गरे। ३-पारको आठौं होलमा एक सट खेर फाले। नवौं होलको बर्डीले फ्रन्ट नाइन ४-अन्डर ३२ मा सकाए। ब्याक नाइनको सुरुवात पनि राम्रो गरे। १० औं होलमा बर्डी र ५-पारको ११औं होलमा इगलको सफलता प्राप्त गरे। यतिखेर सदभावले ७-अन्डर बनाइसकेका थिए। तर उनले यो स्कोरलाई कायमै राख्न सकेनन्। १५औं, १६औं र १७औं होलमा एक-एक सट खेर फाल्दा ब्याक नाइन इभन-पार ३६ मा सकाए।

दिनेशले दिनको सुरुवात बोगीबाट गरे। यसपछि चौथो, छैटौं, सातौं, र आठौं होलमा बर्डी प्रहार गरे। फ्रन्ट नाइन ३-अन्डर ३३ मा पुरा गरे। यसपछि १२औं होलमा बर्डी र १५औं होलमा बोगी प्रहार गर्दा ब्याक नाइन इभन-पार ३६ मा सकाए।

भुवनले दिनकै उत्कृष्ट स्कोर कार्ड बनाउने क्रममा फ्रन्ट नाइन ३-अन्डर ३३ मा सकाए। उनले तेस्रो, चौथो, छैटौं, सातौं र नवौं होलमा बर्डी प्रहार गरे। ३-पारको आठौं होलमा भने डबल बोगी खेपे। यसपछि १०औं, ११औ, १३औं र १७औं होलमा बर्डी प्रहार गर्दै ब्याक नाइन ४-अन्डर ३२ मा पुरा गरे।

७२ होलको चारदिने प्रतियोगितामा ३३ प्रोफेसनल र ५ एमेच्योर गरी कुल ३८ खेलाडीको सहभागिता रहेको छ। कुल ८ लाख ४० हजार नगद पुरस्कार राशीको प्रतियोगिताको विजेताले १ लाख ४५ हजार नगद पुरस्कार प्राप्त गर्नेछ। दोस्रो र तेस्रो हुने खेलाडीले क्रमश ९४ हजार र ७० हजार नगद पुरस्कार प्राप्त गर्नेछन्। साथै कट बनाउने अन्य प्रोफेसनल गल्फरले पनि नगद पुरस्कार प्राप्त गर्नेछन्।

# इजरायल र हमासबीच चार दिने युद्धविराम

## बन्धक रिहा गर्ने सम्झौता

**दोहा–** इजरायल र हमासले गाजामा ५० बन्धकलाई रिहा गर्ने बदलामा चार दिनको मानवीय विराममा सहमति जनाएको कतारले बुधबार पुष्टि गरेको छ ।

'मानवीय विरामको सुरुआती समय अर्को २४ घण्टाभित्र घोषणा गरिने छ र विरामको विस्तार चार दिनसम्म हुने छ,' कतारको विदेश मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, 'सम्झौतामा इजरायली कारागारहरूमा थुनिएका प्यालेस्टिनी महिला तथा बालबालिकाको रिहाइको सट्टामा गाजापट्टीमा हालै बन्धक बनाइएका ५० महिला तथा बालबालिकाको रिहाइ समावेश छ, उक्त सम्झौता कार्यान्वयन भएपछि विभिन्न चरणमा रिहा गरिने मानिसहरूको संख्या बढाइने सहमति भएको छ ।'

अस्थायी युद्धविराम र मानवीय सहायताका लागि पहुँचको सट्टामा गाजामा बन्दी बनाइएका २४० जनामध्ये केहीलाई मुक्त गर्ने उद्देश्यले कतार केही सातादेखि पर्दा पछाडि गहन वार्तामा संलग्न रहेको छ ।

उक्त सम्झौता इजिप्ट र अमेरिकाका साथै हमास र इजरायलसँग गरिएको र 'मानवीय आवश्यकताहरूका लागि तोकिएको इन्धनसहित ठूलो संख्यामा मानवीय समूह र राहत सहयोगको प्रवेश' समावेश गरिएको कतारले बताएको छ ।

कतारको विदेश मन्त्रालयलका प्रवक्ता माजिद अल-अन्सारीले हमासले बन्धक बनाएका ५० जनालाई चार दिने युद्धविरामका क्रममा क्रमिकरूपमा रिहा गरिने एएफपीलाई बताए । 'युद्धविराम सुरु हुन्छ र फेरि चार दिनभित्र प्रत्येक दिन हामीसँग धेरै बन्धक बाहिर आउने छन् र चौथो दिनसम्ममा यो संख्या ५० सम्म पुग्नुपर्छ,' उनले भने ।

हमासले रिहा गर्ने सुरुआती ५० महिला तथा बालबालिका सुरुआती चार दिनको युद्धविराम लम्ब्याउन थप बन्धकको रिहाइपछि गरिने आशा गरिएको थियो । 'यदि त्यतिबेलासम्म प्यालेस्टिनीहरूले अतिरिक्त संख्यामा प्रतिबद्धता गर्न सके भने युद्धविरामलाई बढाउन सकिने छ,' अन्सारीले भने, 'यी मापदण्डअन्तर्गत सबै नागरिकहरूलाई बाहिर निकाल्न केही समय लाग्ने छ, हामीले कति मानिसलाई छाडचौं भन्ने पत्ता लगाउन पनि केही समय लाग्ने छ ।'

उनका अनुसार इजरायल र हमासबीचको अस्थायी अन्त्य तुरुन्तै लागू हुने छैन र धरातलीयस्तरमा तयार हुनका लागि केही समय आवश्यक हुने छ । उनले बन्धक र जेलमा रहेका बन्दीहरूको आदानप्रदानमा रेड क्रिसेन्टका कर्मचारीका साथै इजरायल, हमास र कतारका अधिकारीहरूले सहजीकरण गर्ने जानकारी दिए ।

कतारका प्रधानमन्त्रीका प्रमुख सल्लाहकारसमेत रहेका प्रवक्ता अन्सारीले बन्धकहरूलाई स्थानान्तरण गर्ने अवधिमा गाजामा इजरायली कारबाही अस्थायीरूपमा रोकिने बताए । 'सम्झौताअन्तर्गत रिहा हुनेमा कुनै पनि सैन्य बन्दी छैनन्,' उनले भने । उनका अनुसार यो त्यस्तो क्षेत्र हो जहाँ वार्ता अगाडि बढाउनका लागि विश्वास निर्माण गर्नुपर्ने छ । *रासस⁄एएफपी*

# पाकिस्तान–अफगान सीमापार व्यापार पुनः सुरू

पेशावर (पाकिस्तान)- इस्लामाबादले नयाँ भिसा प्रवेशाज्ञा नियमलाई निलम्बन गरेपछि पाकिस्तान र अफगानिस्तानबीचको सीमापार व्यापार बुधबार सामान्य अवस्थामा फर्किएको दुवै देशका अधिकारीहरूले बताएका छन् ।

पाकिस्तानले व्यावसायिक सवारीसाधनका चालक दललाई प्रवेश गर्नका लागि राहदानी र भिसा प्रवेशाज्ञा मागेपछि मंगलबार व्यापारिक यातायात ठप्प भएको थियो । बदलामा अफगानिस्तानले कुनै पनि ट्रकलाई पास गर्न अनुमति दिन अस्वीकार गर्‍यो ।

'हिजो पाकिस्तानले आफ्नो नयाँ नियम लागू गरेपछि अफगान पक्षले व्यापार स्थगित गरेर विरोध गर्‍यो,' पाकिस्तानका एक भन्सार अधिकारीले एएफपीलाई भने, 'गएराति वाणिज्य मन्त्रालयका अधिकारीहरूले अफगान अधिकारीहरूसँग एउटा वार्ता गरे र तिनका सवारी चालकहरूका लागि दुई साताको म्याद थप्ने सहमति गरे ।' ती अधिकारीका अनुसार पाकिस्तानले नयाँ नियम लागू गर्नुभन्दा पहिला नै दुईपटक स्थगन गरिसकेको छ ।

अफगानिस्तानमा नानगर्हार प्रान्तका गभर्नरको मिडिया कार्यालयले सीमापार व्यापार पुनः सुरु भएको पुष्टि गरेको छ । सामाजिक सञ्जाल एक्समा भनिएको छ, 'अफगानिस्तान र पाकिस्तानी अधिकारीहरूले वार्ता गरे र उनीहरूले यसको स्थायी समाधान खोजिने आश्वासन दिएका छन् ।'

हजारौं अफगान आफ्नो देशमा अवैधरूपमा रहेको भन्दै पाकिस्तानले अफगान आप्रवासीहरूलाई निर्वासित गर्ने योजना घोषणा गरेपछि काबुल र इस्लामाबादबीच लामो समयदेखि खराब रहेको सम्बन्ध अक्टोबरदेखि अझ खराब भएको छ । अहिलेसम्म करिब तीन लाख ४० हजार अफगानलाई निर्वासित गरिएको वा स्वेच्छाले स्वदेश फर्काइएको छ ।

पाकिस्तानले राहदानी र भिसाधारी अफगानलाई मात्र मुलुकमा प्रवेश गर्न अनुमति दिइने जनाएको छ । यसबाट अफगानहरूलाई उनीहरूको राष्ट्रिय परिचयपत्रका साथ सीमापार गर्ने अनुमति दिने दशकौं पुरानो प्रचलन समाप्त हुने छ ।

भूपरिवेष्ठित अफगानिस्तान पाकिस्तानमा निर्मित सामान र पाकिस्तानको कराँची बन्दरगाहको माध्यमबाट आयातीत विदेशी वस्तुहरू दुवैको आयातका लागि आफ्नो छिमेकी पाकिस्तानमाथि अत्यधिक निर्भर छ । यद्यपि ठूलो आर्थिक संकटमा परेको पाकिस्तानले अफगानिस्तानबाट आउने सामानहरूमा भन्सारमुक्त देशमा प्रवेश गर्न दिँदा उसलाई हरेक वर्ष करोडौं डलरको नोक्सान भएको बताएको छ ।

कतिपय वस्तुहरू सीमापार गर्दैनन् तर कतिपय भने पाकिस्तानमा तस्करी गरेर अवैधरूपमा बिक्री गरिन्छन् । पाकिस्तानका अनुसार अफगानिस्तानबाट सञ्चालित विद्रोहीहरूबाट आक्रमणमा तीव्र वृद्धि भएपछि आफ्नो 'कल्याण र सुरक्षा'का लागि अवैध आप्रवासीहरूको सामूहिक निर्वासन आवश्यक भएको छ ।

पाकिस्तानको मुद्दा घरेलु मामिला भएको भन्दै अफगानिस्तानको तालिबान सरकारले आफूले विदेशी आतंकवादीहरूलाई आफ्नो भूमि प्रयोग गर्ने अनुमति नदिएको बताउँदै आएको छ । *रासस⁄एएफपी*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABERAH COMPANY

पूर्व स्वीकृति मिति २०८०/०२/१७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/०६ LT No : 286914 चलानी नं ६०२०२२५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 3 | 0 | 1800 | ६४,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १४ गते (30th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००⁄– रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५०० कामदार आफैले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ८३४/०६६/०६७

**CHANDANI MANAGEMENT SERVICES PVT. LTD.**
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ANWAR ONE CONTRACTING

पूर्व स्वीकृति मिति : २०८०/०८/०१ LT. No. 295013 चलानी नं. ६०२१०३२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 0 | 2 | 1000 | ३६,७०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason | 2 | 0 | 1100 | ४०,३७५ | | | | | | | |
| 3 | Plaster Worker | 2 | 0 | 1100 | ४०,३७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १४ गते (30th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००⁄- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क⁄-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ASIAN SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०८/०६ LT. No. 295273 चलानी नं. ६०२१०३१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 37 | 0 | 1500 | ४२९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १४ गते (30th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००⁄- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क⁄-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ११९/०५५/०५६

**ASIA LINK SERVICES PVT. LTD.**
Basundhara Kathmandu,Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL FOOD COMPANY FOR SERVING MEALS

पूर्व स्वीकृति मिति २०७९/०३/१० पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/०६ LT. No. 265846 चलानी नं. ६०१८१६८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor | 5 | 0 | 1000 | ३५,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MASARAT ALBON COMPANY

पूर्व स्वीकृति मिति २०८०/०५/०८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/०६ LT. No. 291580 चलानी नं. ६०२०६६७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 2 | 0 | 1200 | ४२,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १४ गते (30th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रू. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)**
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FEI LOU WU CURRY MEE & HAINAMESE CHICKEN RICE

पूर्व स्वीकृति मिति : २०७९/१२/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/०६ LT. No. 283389 चलानी नं. ६०१९८८७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १४ गते (30th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००⁄- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ८८३/०६७/०६८

**HAPPY NEPAL EMPLOYMENT PVT. LTD**
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533
Mob: 9810124818, 9847364227, Kalyan Thapa: 9840510091, 9851194513
Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Dharan 2, Shanti path, Nepal, Tel: 025-572026, 9842170962, 9815390822

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JAWAD PAK FOR INDUSTRIAL FACTORY

पूर्व स्वीकृति मिति २०८०/०८/०५ LT No. 295174 चलानी नं. ६०२१०३०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 5 | 0 | 1200 | ४२,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १४ गते (30th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने ⁄प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००⁄– कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Access Partners Nepal Pvt. Ltd.** Gov.Lic.No. : 1101/073/074
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899
E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RISING STAR FORCE SECURITY SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०५/04 पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/०६ LT. No.291388 चलानी नं. ६०२०६५६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 60 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १४ गते (30th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००⁄- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क⁄-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५८९/०७९/०८०

**Friendship And Cooperation Recruitment Pvt.Ltd**
Sinamangal-9, Kathmandu, Nepal, Tel : +977-1-014493647
E-mail: fcmanpower1589@gmail.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal**- पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501**| **HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - ११६५०० | प्रति तोला - ११५९५० | प्रति तोला - १४५५ |



**पहेंलपुर तोरीबारी** | सिम्ता गाउँपालिकाको सुर्खेत राकमा लगाएको तोरीबाली । *तस्बिर: हेमन्त केसी/रासस*

# ‘अर्थतन्त्र चलायमान बनाउन निर्माण व्यवसायीको भूमिका महत्त्वपूर्ण’

■ प्रभाव संवाददाता




**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले अर्थतन्त्रलाई चलायमान बनाउनका लागि निर्माण व्यवसायीहरूको भूमिका महत्त्वपूर्ण हुने बताएका छन् ।

इफाप्का (एसियाली तथा पश्चिम प्रशान्त क्षेत्रका १९ मुलुकका निर्माण व्यवसायीको छाता संस्था) को ४६औं सम्मेलनको उद्घाटन समारोहमा बोल्दै राष्ट्रपति पौडेलले हरेक मुलुकको आर्थिक विकासमा भौतिक पूर्वाधारले महत्त्वपूर्ण भूमिका हुने बताए । उनले जलवायु परिवर्तनका कारण बढ्दै गइरहेको प्राकृतिक विपत्तिसँग जुध्नका लागि भौतिक पूर्वाधारको क्षेत्रमा काम गर्नेहरूले विशेष सतर्कता अपनाउन जरुरी रहेको उल्लेख गरे ।

राष्ट्रपति पौडेलले भने, ‘पृथ्वी रहेमात्र हामी रहन्छौं भन्ने मान्यतालाई आत्मसात् गर्दै प्रकृतिमैत्री दिगो पूर्वाधार निर्माणका इफाप्कामा आबद्ध मुलुकहरू बढी मात्रामा जलवायु परिवर्तनसँगै प्राकृतिक विपत्तिको सिकार भइरहेको परिप्रेक्ष्यमा यस सङ्गठनले जलवायु परिवर्तनको एजेन्डालाई प्राथमिकताका साथ उठान गर्नुपर्ने आवश्यकता मैले देखेको छु ।’

राष्ट्रपति पौडेलले अहिलेको विश्वलाई हेर्ने हो भने पनि भौतिक पूर्वाधारको क्षेत्रमा उल्लेख्य विकास गरेका मुलुकहरूले नै आर्थिक प्रगति गरेको बताउँदै भौतिक पूर्वाधारको विकाससँगै हामीले यससँग सम्बन्धित अन्य पक्षहरूलाई पनि विशेष ध्यान दिनुपर्ने समय आएको बताए ।

‘कुनै पनि मुलुकको आर्थिक विकासमा भौतिक पूर्वाधारले महत्वपूर्ण भूमिका खेलेको हुन्छ’, राष्ट्रपछि पौडेलले भने, ‘जलवायु परिवर्तनका कारण बढ्दै गइरहेको प्राकृतिक विपत्तिसँग जुध्नका लागि भौतिक पूर्वाधारको क्षेत्रमा लागेकाहरूले विशेष सतर्कता अपनाउनु जरुरी छ ।’ उनले हालै नेपालको भ्रमण गरेका संयुक्त राष्ट्र सङ्घका महासचिवले पनि जलवायु परिवर्तनको ‘एजेन्डा’लाई उच्च महत्व दिए प्रसङ्ग स्मरण गराउँदै कार्बन उत्सर्जनमा कटौती गरी प्रकृति सुहाउँदा पूर्वाधार निर्माणमा जुट्न सबैलाई आग्रह गरे । विश्व प्रविधिमैत्री भइसकेको अवस्थामा भौतिक पूर्वाधारको क्षेत्रले पनि प्रविधिमैत्री अभ्यासलाई अझ बृहत् बनाउनुपर्नेमा राष्ट्रपति पौडेलले जोड दिए ।

# पहिलो चौमासिकमा काठमाडौं महानगरको राजस्व करिब तीन अर्ब

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले चालु आर्थिक वर्षको पहिलो चौमासिकमा रू दुई अर्ब ९२ करोड ९६ लाख नौ हजार राजस्व असुल गरेको छ ।

उक्त रकम गत आवको सोही अवधिको भन्दा रू १७ करोडले बढी हो । कामपाले गत आवको पहिलो चौमासिकमा रू दुई अर्ब ७५ करोड ९८ लाख ६४ हजार राजस्व असुल गरेको कामपाको राजस्व विभागका प्रमुख धुव्र काफ्लेले जानकारी दिए । उनका अनुसार चालु आवको चार महिनामा सबैभन्दा धेरै घरबहाल कर रू ८१ करोड ९२ लाख र सम्पत्ति कर रू ४१ करोड ८६ लाख असुल भएको छ ।

कामपाले चालु आवका लागि रू १० अर्ब ८० करोड राजस्व असुलको लक्ष्य लिएको छ । पछिल्लो समय कामपामा बहाल कर तिर्ने करदाता बढेकाले राजस्व रकम बढेको विभागका प्रमुख काफ्लेको भनाइ छ । ‘गत वर्षभन्दा यस वर्ष सम्पत्ति करमा मात्रै छ सय ४८ करदाता बढेका छन् । बहाल करतर्फ पनि करदाता उल्लेख्य रूपमा बढेका छन्’, उनले भने, ‘पछिल्लो समय एक हजार तीन सय करदाता थपिएका छन् ।’

अहिले कामपामा तीन लाखभन्दा बढी करदाता रहेका काफ्लेले जानकारी दिए । राजस्व संकलनको काम वडा कार्यालयबाटै हुन थालेसँगै पछिल्लो समय लामो समयदेखिको बक्यौता रकमसमेत उठ्न थालेको उनले बताए । कामपाले ३२ वटै वडा कार्यालयबाट राजस्व संकलन गर्न थालेसँगै लामो समयदेखि असुलउपर हुन नसकेको बक्यौता रकम उठ्न थालेको काफ्लेको भनाइ छ ।

लामो समयदेखि उठ्न नसकेको बक्यौता रकम जरिवानाको कारण तिर्न आनाकानी गरिरहेका करदाताका लागि आगामी पुस मसान्तसम्म जरिवाना रकममा छुट दिएकाले राजस्व संलग्नमा थप सहज भएको छ ।

यसअघि राजस्व तिर्नका लागि वार्षिक तीन लाखसम्म सम्बन्धित वडा कार्यालय र त्यसभन्दा बढीका लागि कामपाको केन्द्रमा आउनुपर्ने व्यवस्था रहेको राजस्व विभाग प्रमुख ध्रुव काफ्लेले बताए । उनका अनुसार हाल कामपाले सम्पत्ति, बहाल, मनोरञ्जन, व्यवसाय, विज्ञापन करलगायत नौ शीर्षकमा कर संकलन गर्दै आएको छ ।

# नेप्से परिसूचकमा दोहोरो अंकको सुधार

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको सुधार देखिएको छ । बुधबार नेप्से परिसूचक २० दशमलव ६७ अंकले बढेर एक हजार आठ सय ५० दशमलव ३३ अंकमा कायम भएको हो ।

दुई सय ९४ कम्पनीको ४२ लाख १३ हजार दुई सय ८५ कित्ता सेयर ४३ हजार पाँच सय ८३ पटक खरिदबिक्री हुँदा रू एक अर्ब आठ करोड ७० लाख ९८ हजार चार सय ९५ बराबरको कारोबार भएको छ ।

म्युचुअल समूहको उपसूचक शून्य दशमलव ०३ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै होटल तथा पर्यटन समूह तीन दशमलव ४९ र जलविद्युत् समूह दुई दशमलव ३६ प्रतिशतले बढेको छ । बुद्धभूमि नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

सबैभन्दा धेरै घट्नेमा भने सयपत्री हाइड्रोपावर लिमिटेडको सेयर मूल्य आठ दशमलव १५ प्रतिशतले बढेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रू १० करोड ७६ लाख तीन हजार नौ सय ८३ बराबरको कारोबार भएको छ ।

कारोबार भएका सेयर संख्याका आधारमा भने प्राइम कमर्सियल बैंक प्रमोटर सेयर आठ लाख ५० हजार १० कित्ता कारोबार भएको छ ।

# नेपालगञ्ज नाकाबाट करिब १८ अर्बको वैदेशिक व्यापार

■ प्रभाव संवाददाता

**जानकी (बाँके)–** चालु आर्थिक वर्ष २०८०/८१ को साउनदेखि असोज मसान्तसम्म बाँकेस्थित नेपालगञ्ज जमुना भन्सार नाकाबाट रु १७ अर्ब ९३ करोड १३ लाख ८३ हजारको वैदेशिक व्यापार भएको छ ।

उक्त अवधिमा विभिन्न २१ देशबाट १७ अर्ब ४८ करोड ९५ लाख ८७ हजार बराबरका विभिन्न सामग्री आयात भएको नेपालगञ्ज भन्सार कार्यालयका प्रमुख ध्रुव विकले जानकारी दिए ।

गत आर्थिक वर्षमा रु ४४ करोड १७ लाख ९६ हजारको मात्रै निर्यात भएको उनले सुनाए । पछिल्लो तीन महिनामा भारतबाट मात्रै रु १५ अर्ब २९ करोड ७८ लाख ८४ हजार बराबरको सामग्री आयात भएको छ । जुन कूल आयातको ९३.१९ प्रतिशत हो ।

त्यस्तै नेपालगञ्ज नाका हुँदै रु ५३ करोड ६५ लाख ८८ हजार अर्थात् कूल निर्यातको ९८.८२ प्रतिशत हिस्सा भारतले नै ओगटेको छ । भन्सार कार्यालयले दिएको जानकारी अनुसार दोस्रो धेरै निर्यात हुने देशको सूचीमा युनाइटेड अरब इमिरेट्स र म्यानमार रहेको छ ।

नेपालगञ्ज नाका हुँदै भारत, बेलायत, मलेसिया, म्यान्मा, चाइना, भियतनाम, बेल्जियम, इटली, दक्षिण अफ्रिका, टर्की, थाइल्यान्ड, ताइवान, दुबई, साउदी अरेबिया, सिङ्गापुरसहित २१ देशबाट सामान आयात भएको कार्यालय प्रमुख विकले बताए ।

यीमध्ये भारत, युनाइटेड अरब इमिरेट्स र म्यान्मासँग मात्रै निर्यात व्यापार हुने गरेको छ । नेपालगञ्ज नाका हुँदै भारतलगायतका देशबाट इन्धन, खाद्यान्न, मेसिनरीसहित ५० प्रकारका सामग्री आयात हुन्छ । यस नाकाबाट विशेषगरी जडिबुटी, प्लाइउडसहित १७ प्रकारका सामग्री निर्यात हुँदै आएको भन्सार कार्यालयले जनाएको छ ।

# ‘भिजिट भरतपुर २०२४’ मनाउँदै भरतपुर महानगर

**काठमाडौं–** भरतपुर महानगरपालिकाले ‘भिजिट भरतपुर २०२४’ अभियान सञ्चालन गर्ने भएको छ । महानगर र पर्यटन बोर्डद्वारा बुधबार आयोजित ‘सरोकारवाला निकायसँग अन्तरक्रिया तथा पत्रकार सम्मेलनमा’ भरतपुरलाई पर्यटकीय गन्तव्यका रूपमा प्रवर्द्धन गरी आन्तरिक तथा बाह्य पर्यटक भित्राउने उद्देश्यले अभियान सञ्चालन गर्न लागिएको जनाइएको हो ।

महानगरपालिका उपप्रमुख चित्रसेन अधिकारीले भरतपुरलाई पर्यटकीय सहरका रूपमा परिचित गराउन सन् २०२४ लाई भ्रमण वर्षका रूपमा अभियान सञ्चालन गर्न लागिएको जानकारी दिए । मध्य नेपालको उत्कृष्ट गन्तव्यका रूपमा रहेको चितवनको भरतपुर महानगरपालिका ‘भ्रमण वर्ष’ अभियान सञ्चालन गर्ने पहिलो स्थानीय सरकार रहेको भन्दै यो अभियान महानगरको मात्र नभइ समग्र मुलुकको रहेको बताए ।

संस्कृति, पर्यटन तथा नागरिक उडड्यन राज्यमन्त्री सुशीला सिर्पाली ठकुरीले प्राकृतिक सौन्दर्यताको पहिचान गरी पर्यटन प्रवर्द्धन गर्न महानगरले चालेको पहल ऐतिहासिक रहेको बताइन् । पर्यटन क्षेत्रको संरक्षण र प्रवर्द्धनमा देखिएका कानुनी बाधालाई समीक्षा गरी समाधानतर्फ मन्त्रालय प्रयासरत रहेको उनको भनाइ थियो ।

‘प्राकृतिक पर्यटकीय गन्तव्यका रूपमा रहेको नेपालका सम्भावित क्षेत्रलाई पहिचान गरी पर्यटनलाई आर्थिक समृद्धिसँग जोड्न खोज्नु आफैंमा सुन्दर पक्ष हो । काठमाडौं घुम्न आउने पर्यटक चितवन गन्तव्य बनाउन सक्नुपर्छ’, राज्यमन्त्री ठकुरीले भनिन्, ‘एक क्षेत्रमा आएका पर्यटकलाई अन्य क्षेत्रमा आकर्षित गर्न सक्नेगरी काम गर्नुपर्छ । पर्यटन प्रवरद्धन गर्न महानगरले चालेको अभियानले भ्रमण वर्षले ऐतिहासिक र सुन्दर चित्र कोरेको छ ।’

पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत धनञ्जय रेग्मीले महानगरले चितवनमा लुकेका गन्तव्यलाई प्रकाश पार्न थालेको ‘भ्रमण वर्ष २०२४’ अभियान उपयुक्त समय रहेको भन्दै यस अभियानलाई सफल पार्न बोर्ड प्रतिबद्ध रहेको बताए । महानगरका आर्थिक विकास महाशाखा प्रमुख तेजेन्द्रप्रसाद पौडेलले मुलुकको प्रमुख आयस्रोतका रूपमा रहेको पर्यटन क्षेत्रको प्रवर्द्धन र विस्तार गर्न थालिएको अभियान प्रभावकारी हुने बताए । यहाँका सम्भावित स्थानको प्रसारप्रचार गरी पर्यटक भित्राउन सकिनेमा उनले जोड दिए । महानगरका पर्यटन विज्ञ सल्लाहकार डा विश्व सुवेदीले आर्थिक समृद्धिको लागि यस अभियान आवश्यक रहेको भन्दै भ्रमण वर्षलाई प्रभावकारी बनाउन राष्ट्रिय तथा



अन्तर्राष्ट्रिय गरी ५२ कार्यक्रम गर्ने निर्णय भएको जानकारी दिए ।

नाटा (नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स) महासचिव कुमार थपलियाले महानगरसँगै चितवनका पर्यटकीय गन्तव्यलाई पनि समेट्नु पर्नेमा जोड दिए । गैरआवासीय नेपाली सङ्घका उपमहासचिव सोम सापकोटाले भरतपुरका साथै समग्र मुलुकको पर्यटन क्षेत्रको प्रवर्द्धन गर्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग समन्वय गरी ईन्टरनेटको माध्यमबाट प्रसारप्रचार गर्नुपर्नेमा जोड दिए ।

नेपाल उद्योग वाणिज्य महासङ्घ, पर्यटन समितिका उपसभापति अचुत गुरागाइँले पर्यटन बोर्डमा भएको बजेट कार्यान्वयन गर्न कार्यविधि नहुँदा पर्यटन क्षेत्रको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रवर्द्धन गर्न नसकिएको बताए । ‘विश्व सम्पदा सूचीमा सूचिकृत चितवन राष्ट्रिय निकुञ्जको प्रवेशद्धार, विविध प्राकृतिक सम्पदाले समृद्ध महानगर भरतपुर हो’, उनले भने, ‘यहाँको सांस्कृतिक अनेकता, भौगोलिक विविधता, प्राकृतिक भू-बनोटलगायत आधारले पर्यटनको प्रमुख गन्तव्यका रूपमा विस्तार गर्न सकिने देखिएको छ ।’

पर्यटन प्रवर्द्धनका लागि सन् २०२४ लाई ‘घुमौं भरतपुर’ नाराका साथ भरतपुर भ्रमण वर्ष अभियान सञ्चालन गरिएको महानगरले जनाएको छ । महानगरका पर्यटकीय गन्तव्यको प्रवर्द्धन गर्ने, प्राकृतिक, सांस्कृतिक, धार्मिक एवम् ऐतिहासिक सम्पदाको प्रचारप्रसार गरी पर्यटकको सफ्या र बसाइँ अवधि वृद्धि गर्ने उद्देश्यले महानगरले निजी क्षेत्रसँग सहकार्यमा पहिलो पटक अभियान सञ्चालन गर्न लागिएको महानगरका उपप्रमुख अधिकारीले जानकारी दिए ।

भ्रमण वर्षमा अन्तर्राष्ट्रिय सफारी मार्ट, लगानी सम्मेलन, हेरिटेज म्याराथन, सरकार एवं सम्वद्ध पक्षको बैठक तथा भेला, जङ्गल फेस्टिवल, युवा तथा महिला सम्मेलन, साहित्यिक कार्यक्रम, र्‍याली, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सेमिनार, ट्राभल एजेन्सी तथा टुर अपरेटरको सम्मेलन, विज्ञ समूहसहितको कार्यशाला गोष्ठी, खेलकूद प्रतियोगिता, पर्यटन तथा वातावरणसँग सम्वद्ध दिवस, जातीय सांस्कृतिक कार्यक्रम, प्रदर्शनी तथा फुड फेस्टिवललगायत क्रियाकलाप निरन्तर आयोजना गरिने आज आयोजित कार्यक्रममा जानकारी गराइएको छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ